का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ भदौ २०७९,
शनिबार
20 August 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपपर हेर्न

वर्ष २०, अंक १९६ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

# सिट बाँडफाँडमै अलमल

आसन्न प्रदेश र प्रतिनिधिसभाको चुनावमा तालमेल गर्ने निर्णय गरेको पाँच दलीय सत्तागठबन्धन सिट बाँडफाँडको धारणामै अलमलिएको छ । मोडालिटी तय गर्ने गठित कार्यदलले पनि पाएको साउन मसान्तसम्मको समयसीमा बिना निष्कर्ष गुजारेको छ ।



"कार्यदलमा भएको छलफलको निष्कर्षहरू सुनेर शीर्ष नेताहरुले कार्यदललाई जतिसक्दो छिटो जिम्मेवारी पूरा गर्न निर्देशन दिनुभएको छ । अब चाँडोभन्दा चाँडो सिट बाँडफाँडको काम पूरा हुनेछ ।

■ **ज्ञानेन्द्रबहादुर कार्की**
नेता, नेपाली कांग्रेस

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३ भदौ ।

आगामी ४ मसिंरमा हुने प्रदेश र प्रतिनिधिसभाको चुनावमा तालमेल गर्ने पाँच दलीय सत्तागठबन्धनको निर्णय छ। निर्णय कार्यान्वयनका लागि ११ सदस्यीय कार्यदल बनेको थियो । तर, मोडालिटी तय गर्न गठित कार्यदलले पाएको साउन मसान्तसम्मको समयसीमा बिना निष्कर्ष गुजारेको छ ।

सिट बाँडफाँडका लागि गठित कांग्रेस नेता कृष्णप्रसाद सिटौला नेतृत्वको ११ सदस्यीय कार्यदलमा कांग्रेसबाट नेता सिटौला, महामन्त्री गगन थापा, सञ्चारमन्त्री कार्की, नेकपा माओवादी केन्द्रबाट नेताहरु वर्षमान पुन र देव गुरुङ, नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव बेदुराम भुसाल, जसपाबाट रामसहायप्रसाद यादव र रकम चेम्जोङ तथा राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य थिए । कार्यदलले सिट बाँडफाँडबारेसाझा धारणा दिन नसकेपछि शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा गठबन्धनका शीर्ष








नेताहरुको बैठक बस्यो । गठबन्धनका शीर्ष नेताहरूले फेरि पनि सिट बाँडफाँड गर्न बनेको कार्यदललाई नै त्यसबारे साझा धारणा तय गरेर आउन निर्देशन दिएको छ ।

नेताहरुका अनुसार बालुवाटारमा बसेको गठबन्धनका शीर्ष नेताहरूको बैठकमा कार्यदलका संयोजक सिटौलाले कार्यदलमा भएको छलफल र प्रगतिबारे जानकारी गराएका थिए । सिटौलाको बृफिङ सुनेर शीर्ष नेताहरूले फेरि पनि साझा धारणा बनाउने जिम्मा कार्यदललाई नै दिएको हो । यसपटक कुनै समयसीमा दिइएको छैन ।

सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की भन्छन्, 'आजको बैठकमा हामीले कार्यदलमा भएको छलफलको निष्कर्षहरू प्रस्तुत गर्‍यौं । नेताहरुले पनि त्यसबारे धारणा राख्नुभयो । नेताहरुले कार्यदलले नै साझा धारणा बनाउन र कार्य जिम्मेवारी पूरा गर्न निर्देशन दिनुभएको छ ।'

उनले अब कार्यदलले चाँडोभन्दा चाँडो सिट बाँडफाँडको काम पूरा हुने गरी छलफललाई अघि बढाउने विश्वास व्यक्त गरे । उनका अनुसार कार्यदलले २०७४ को निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचनको मत परिणाम र २०७९ को स्थानीय तह निर्वाचनको परिणामको आधारमा सिट बाँडफाँड गरेर अघि बढ्ने मापदण्डलाई उपयुक्त मापदण्डको रुपमा तय गरेको छ । तर, कुन दलले कति सिट पाउने हो यस मापदण्ड अनुसार भन्ने तय गर्न सकेको छैन् ।

सिट बाँडफाँडका विषयमा पटक पटक छलफल भएपनि कुरा मिल्न नसक्नुको पछाडि दलहरुले आफुलाई बढी भन्दा बढी सिटमा दाबी गर्नु रहेको स्वमं गठबन्धनका नेताहरु बताउँछन् । अझ साना पार्टीहरुले मागले ठूला दलहरुलाई समस्या परेको छ । वाम गठबन्धनमा सहभागी बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति नेपालले पनि छुट्टै भाग मागेको छ । जनता समाजवादी पार्टी (जसपा)ले मधेसमा प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनमा बहुमत वरिपरी सिटमा दाबी गरेको छ । जसपाको यो माग पूरा गर्न काग्रेस, माओवादी केन्द्र लगायत गठबन्धनमा रहेका अन्य दललाई अप्ठेयारो परेको छ । मधेश प्रदेशमा काँग्रेसको आफ्नै खालको पकड छ ।



श्रीकृष्ण जन्माष्टमीको अवसरमा कैलालीको सुख्खडमा श्रीकृष्णको भेषमा मख्खन खाँदै एक बालक ।
*तस्बिर : प्रकाश मिश्र, मध्यान्ह*

# सकसमा प्रचण्ड !

**कान्ति न्यौपाने /मध्यान्ह**
काठमाडौं, ३ भदौ ।

नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई केन्द्रीय पदाधिकारीको नाम टुंग्याउन थप सकस परेको छ । आठौं राष्ट्रिय महाधिवेशन भएको ७ महिना बित्न लाग्दा समेत पदाधिकारीको टुंगो लाग्न नसकेको हो ।

हुनत, अध्यक्ष प्रचण्डले पदाधिकारीको नाम टुंगो लगाउन शुक्रबार पनि स्थायी कमिटीको बैठक राखेका थिए । पटक पटक तयारी नपुगेको भन्दै स्थगित भएको उक्त बैठकले बाँकी स्थायी समिति सदस्य र केन्द्रीय पदाधिकारीको टुंगो लगाउने निर्णय समेत गरेको थियो । तर, पुन अध्यक्ष प्रचण्डले नाम टुंगो लगाउन नसकेपछि एक स्थायी कमिटी सदस्यले दिग्दारी पोखे ।

'भन्न त अध्यक्षले शनिबार जसरी पनि पदाधिकारी चयन हुने भन्नुभएको छ । तर उहाँले बोले अनुसार हुन्छ भनेर कसरी पत्याउनु?,' 'असार २३ को केन्द्रीय कमिटी बैठकमा गोजीमा पदाधिकारीको नाम छ भनेर त चयन हुन सकेन । उहाँले निर्णय नगर्दासम्म कसैलाई थाहा हुँदैन' उनले भने । हुनत, गत असार २३ गतेको बैठकमा अध्यक्ष प्रचण्डले पदाधिकारी र स्थायी समिति सदस्यको नाम पढेको थिए । तर, त्यसमा सहमति जुट्न नसकेपछि उनी कसरी नेताको व्यवस्थापन गर्ने भन्ने अलमलमा देखिएका हुन् ।

प्रचण्डलाई पदाधिकारीमा महासचिव कसलाई बनाउने भन्ने विषय निकै चुनौतीपूर्ण बन्न पुगेको छ । मानिएका जनार्दन शर्मा, बर्षमान पुनदेखिदेखि पम्फा भुसालसम्म महासचिवमा आकांक्षा देखिएपछि सकस परेको हो ।

तर, अध्यक्ष प्रचण्ड भने अब छिट्टै नाम प्रस्ताव गर्ने दाबी गर्छन् । 'म एकैचोटी नाम प्रस्ताव गर्छु । अब,पदाधिकारीबारे छलफल हुँदैन । विशेष गरी महासचिवमा धेरै नेताको दाबी छ । दाबी गर्नु स्वभाविक हो तर त्यसकै आधारमा कित्ताकाट गर्न भएन,' उनले भने । हुनत, गत असारमा सम्पन्न्न महाधिवेशनले पार्टी पदाधिकारी चयनको जिम्मा प्रचण्डलाई नै दिएको थियो । तर, उनले हालसम्म पनि पदाधिकारीमा कस-कसलाई सिफारिस गर्ने भन्ने टुंगो लगाउन सकेका छैनन् ।

महासचिव टुंगो लगाउन चुनौती

अध्यक्ष प्रचण्डलाई पदाधिकारीमा महासचिव कसलाई बनाउने भन्ने विषय निकै चुनौतीपूर्ण देखिएको छ । उनका विश्वासिला पात्र मानिएका जनार्दन शर्मा देखि पम्फा भुसालसम्म महासचिवमा आकांक्षी देखिएपछि उनलाई सकस परेको हो ।

हाल महासचिवमा वर्षमान पुन, जनार्दन शर्मा, पम्फा भुसाल, देव गुरूङ, हरिबोल गजुरेल, गिरिराजमणि पोखरेल र शक्ति बस्नेतले लगायत ७ जना नेताहरु महासचिवमा बढी आंकाक्षी देखिएका छन् । तर, हालसम्म पनि माओवादी केन्द्रको पदाधिकारी कतिजना हुने भन्ने प्रष्ट खाका आईसकेको छैन ।

यद्यपि, २१ पदाधिकारीमा उपाध्यक्ष २, महासचिव १, उपमहासचिव ७ र सचिव ९ जना राख्ने तयारी अध्यक्ष प्रचण्ड देखिएका छन् । महाधिवेशन सकिएको ७ महिनासम्म पदाधिकारीको चयन नहुने उनको क्षमता माथि नै प्रश्न उठ्न थालेको छ ।

## इजरायल रोजगारी

# पुन: स्वास्थ्य परीक्षणमा उपस्थित नभएकाहरुलाई विभागको उर्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ भदौ

वैदेशिक रोजगार विभागले इजरायल रोजगारीमा छनोट भएका तर पुन: स्वास्थ्य परीक्षण नगराएकाहरुलाई स्वास्थ्य परीक्षण गराउन आग्रह गरेको छ। विभागले शुक्रबार एक सूचना जारी गर्दै इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार पदका लागि छनोट भई विभागले दिएको समयसीमाभित्र पुन: स्वास्थ्य परीक्षणमा उपस्थित हुन नसकेकाहरुलाई स्वास्थ्य परीक्षण गराउन आग्रह गरेको हो।

विभागले पुन: स्वास्थ्य परीक्षण नगराएका २२ जनाको सूची सार्वजनिक गर्दै उनीहरुलाई भदौ ५ गतेदेखि भदौ ९ गतेसम्ममा पुन: स्वास्थ्य परीक्षण गराउन सूचित गरेको छ। साथै विभागले कोभिड-१९ विरुद्धको खोप लगाइ सो को प्रमाणपत्र र व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान भैसेपाटीमा रहेको इजरायल सम्पर्क शाखामा बुझाउनसमेत भनेको छ।

विभागका शाखा अधिकृत ध्रुवराज भट्टराईले जारी गरेको सूचनामा भनिएको छ, 'इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार पदका लागि छनोट भएका उम्मेदवारहरु मध्ये मिति २०७९-३-१७ मा प्रकाशित सूचनाको म्यादभित्र पुन: स्वास्थय परीक्षणमा उपस्थित हुन नसकेका (पहिलो स्वास्थ्य परीक्षणमा सहभागी भएका तर दोस्रो स्वास्थ्य परीक्षणमा सहभागी हुन नसकेको हकमा मात्र) संलग्न सूचीबमोजिमका उम्मेदवारहरुले पहिले स्वास्थ्य परीक्षण गरिएकै सम्बन्धित स्वास्थ्य संस्थाबाट मिति २०७९-५-५ देखि २०७९-५-९ सम्म आफ्नो पुन: स्वास्थ्य परीक्षण

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## प्रत्येक आइतबार 'श्रमिकसँग श्रममन्त्री'

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवर आगामी आइतबारदेखि सेवाग्राहीसँग समस्या तथा गुनासो सुन्ने 'श्रमिकसँग श्रममन्त्री' कार्यक्रम शुरूवात गर्ने भएका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रहेको श्रम कल सेन्टरमार्फत अब हरेक आइतबार बिहान ११ बजेदेखि १२ बजेसम्म सेवाग्राहीसँग समस्या तथा गुनासो सुन्ने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले आफ्नो समस्या, गुनासो तथा सुझाव राख्न नेपाल टेलिकमको टोल फ्रि नम्बर

– बाँकी पृष्ठ २ मा

## संसदको कार्यकालबारे विवाद

# अब अदालतबाटै निरुपण

विगतमा सर्वोच्च प्रशासनले जे जस्तो गरे पनि, संसदको कार्यकारबारे जे जस्तो तर्क र बहस भएपनि रिट दर्ता भएको छ । अब चुनावको मिति घोषणा गरेपछि संसद्को कार्यकाल सकिन्छ वा सकिँदैन भनेर सर्वोच्चले नै फैसला गर्नेछ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ भदौ ।

संसदको कार्यकालबारे विवाद चलेको बिबाद अब सर्वोच्च अदालतबाटै निरुपण हुने भएको छ । चुनावको मिति घोषणा भएकै दिनदेखि संसद्को कार्यकाल सकिन्छ भन्ने तर्क गर्नेहरु सर्वोच्चमा रिट लिएका छन् । यसकारण संसदको कार्यकाल चुनावको मिति घोषणा गरेकै कारण सकिँदैन भनेर तर्क गर्नेहरुको ध्यान पनि सर्वोच्च अदालततिर मोडिने भएको छ ।

अधिवक्ता मनिराम उपाध्यायसहित पाँच जनाले शुक्रबार आम निर्वाचन घोषणा भइसकेपछि प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल सकिनुपर्ने मागसहित सर्वोच्च अदालतमा निवेदन दिएका हुन । रिटमा संघीय सरकार, प्रतिनिधिसभा, सभामुख र सात वटै प्रदेश सरकारलाई विपक्षी बनाएको छ ।

यसअघि पनि यही प्रकृतिको रिट दर्ताको प्रयास भएको थियो । तर, कामु मुख्य रजिस्ट्रार नारायण पन्थीले दर्ता गर्न अस्वीकार गरेको कानुन व्यावसायीहरुले बताएका छन् । दरपीठ गर्ने कामु मुख्य रजिस्ट्रारको आदेशलाई अधिवक्ताहरूले सिधै इजलासमा चुनौती दिएका थिए। त्यसमाथि सुनुवाइ गर्दै न्यायाधीश सुष्मलता माथेमाको इजलासले प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकालसम्बन्धी विषय सर्वोच्च अदालतले सुनुवाइ गरेर इजलासबाट निरूपण गर्ने प्रकृतिको देखिएको भन्दै पन्थीको आदेश बदर गरिदिएको थियो । माथेमाको इजलासले 'संविधान र कानुनको व्याख्या गरी प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल अन्त्यबारे निर्णय गर्नुपर्ने देखिएको' भन्दै निवेदन दर्ता गर्न आदेश दिएको थियो । त्यसपछि परेको निवेदन दर्ता गरेको सर्वोच्च अदालतले आगामी आइतबार सुनुवाइको मिति तोकेको जनाएको छ ।

सरकारले गत साउन १९ गते आगामी मंसिर ४ का लागि एकै चरणमा संघीय र प्रादेशिक

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
४ भदौ २०७९, शनिबार
20 August 2022, Saturday

# 'मुलुकलाई चाँडोभन्दा चाँडो समृद्ध तुल्याउनेतर्फ सरकार अग्रसर'



काठमाडौं/मस- सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात् गर्दै देशलाई चाँडोभन्दा चाँडो समृद्ध तुल्याउनेतर्फ सरकार अग्रसर भइरहेको बताएका छन् । सोह्रौं राष्ट्रिय सूचना दिवसको अवसरमा राष्ट्रिय सूचना आयोजित कार्यक्रममा सरकारका प्रवक्तासमेत रहेका कार्कीले वर्तमान सरकार लोकतन्त्रप्रति प्रतिबद्ध रहेको बताए ।

'सरकार समृद्धिको दिसामा अगाडि बढिरहेको छ, सूचनाको हक लोकतन्त्रको बलियो आधार स्तम्भ हो भन्ने कुरामा दुई मत छैन, तर यो आधार स्तम्भलाई कसरी प्रभावकारी बनाउने भन्ने छ, केबल हामीले संस्था बनाएर मात्रै आधार स्तम्भ प्रभावकारी हुन सक्दैन, आधार स्तम्भलाई प्रभावकारी बनाउनका निमित्त पनि राष्ट्रिय सूचना दिवसले अझ प्रभावकारी भूमिका निर्वाह गर्ने छ', उनले भने ।

लोकतान्त्रिक राज्य व्यवस्थामा सरकारलाई जनताप्रति बढी जिम्मेवार बनाउन, विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति, सूचना प्रवाह गर्ने सञ्चार माध्यमको स्वतन्त्रताको संरक्षण र जनताको सुसूचित हुने हक सुनिश्चितता हुनुपर्ने मन्त्री कार्कीको भनाइ थियो ।

अभिव्यक्ति स्वतन्त्रता र सूचनाको सार्वजनिकरणले नै मानवअधिकारको सम्मान एवं लोकतन्त्रको सुदृढीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उहाँले राज्य व्यवस्थाप्रति जनताको आस्था र विश्वास अभिवृद्धि गर्न सार्वजनिक निकाय जनताप्रति बढी जिम्मेवार बनाउन सूचनामा आम जनताको पहुँच सहज र सरल हुनुपर्नेमा जोड दिए । मन्त्री कार्कीले भने, 'लोकतान्त्रिक मान्यताअनुरुप जनताप्रति जिम्मेवार र उत्तरदायी बन्नुपर्ने राज्य, सरकार र सार्वजनिक निकायले आ-आफ्ना काम कारबाही खुला, पारदर्शी जिम्मेवारी ढङ्गबाट बहन गर्नपर्दछ ।'

मन्त्री कार्कीले सूचनाको हकसम्बन्धी संविधान एवं कानूनमा भएकै कारण स्वतः सूचना प्राप्त हुन नसक्ने भन्दै त्यसको लागि राजनीतिक प्रतिबद्धता, सार्वजनिक निकायको इमान्दारिता, तत्परता, जागरुकता, संवेदनशीलता र पारदर्शी हुनुपर्ने तर्क गरे । उनले भने, 'नेपालमा सूचनाको हकसम्बन्धी कानुन किन चाहिन्छ भन्ने विषय आजको दिनमा सबैको बहसको विषय भएको छ, यो कानुनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ त्यसतर्फ सबैको ध्यान केन्द्रित हुन जरुरी छ, लोकतन्त्रको विकास, विकासको लागि सूचनाको हक आवश्यक छ ।' जिम्मेवार सरकारको अनुभूति गर्दै सुशासन कायम गर्नको लागि सूचनाको हक प्रमुख आधार स्तम्भको रुपमा रहेको मन्त्री कार्कीको भनाइ थियो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले लोकतन्त्रलाई जीवन्त राख्न जनताले राज्यका सबै संरचनाको सूचना पाउनुपर्ने बताए । आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले सूचनाको हक नागरिक तहमा पुगिसकेको बताउँदै सूचनाको हकले नागरिकलाई बलियो बनाउने विश्वास व्यक्त गरे । यस वर्षको राष्ट्रिय सूचना दिवसको नारा 'सूचना हाम्रो अधिकार : सुशासन र विकासको आधार' भन्ने रहेको छ ।

# परिवारका सबै सदस्य अपाङ्गता परिचयपत्रको भरमा



**बाग्लुङ/मस-** धेरै पढ्ने र जागिर खाने सपना बोकेकी बागलुङ नगरपालिका-११ रायडाँडाकी दुर्गा सापकोटाको सपना कक्षा १२ पढ्दै तुहियो । आफूबाहेक परिवारका सबै सदस्य जन्मजात अपाङ्गता भएपछि छ वर्षको उमेरयता सापकोटाका दिन निकै कष्टकर रहे ।

पारिवारीक बोझ र आर्थिक सङ्कटका कारण उनको बाँकी जीवन मेलापात र परिवारको लालनपालनमै बित्यो । उनको थाप्लोमा आमा, बुवा र दुई भाइको जिम्मेवारी छ । सापकोटाको पाँच जनाको परिवारमध्ये उनीमात्रै सपाङ्ग हुन् । उनीबाहेक बावु, आमा र दुई भाइ जन्मजात अपाङ्ग छन् । आमालाई क्यान्सर रोगसमेत छ । लालनपालन सबै २३ वर्षीया दुर्गाको काँधमा छ ।

दुर्गाका बुवा जगन्नाथ बोल्न र सुन्नसमेत सक्दैनन् । आमा सीता, भाइ प्रेम र प्रदीपको खुट्टा चल्दैन । 'सात वर्षको उमेरदेखि मेलापातमै बितेको छ, आफ्नो एक टुक्रा जमिन छैन, अर्काको जग्गा अधिया कमाएर परिवार पाल्दै आएकी छु, आमाको दुवै खुट्टा बाङ्गो छ, पाठेघरको क्यान्सर छ । आर्थिक अभावले उपचार गर्न सकिएको छैन', उनले भनिन्, 'भाइलाई घरमा पाल्न नसक्दा पोखरास्थित वेदआश्रममा पठाएकी छु ।'

बुबा बाहेक सबैलाई उपचारका लागि पोखरा र भरतपुर लगेको दुर्गाले सुनाइन् । गत साउन २९ गते सबैजनाको अपाङ्गता परिचयपत्र बनाएको उनले बताइन् । 'सम्पत्तिका नाममा खोला छेउमै रहेको घर छ', उनले भनिन् । अपाङ्गता परिचयपत्रका आधारमा राज्यले दिने आर्थिक सहायताले औषधोपचार गर्दै आएको दुर्गाको भनाइ छ । आमा सीताले 'क' वर्गको तथा अन्य तीन जनाले 'ख' वर्गको अपाङ्गता परिचयपत्र पाएका छन् । 'क' वर्गको अपाङ्गता परिचयपत्र भएकालाई मासिक रु चार हजार र 'ख' वर्गको अपाङ्गता परिचयपत्र भएकालाई मासिक रु दुई हजार प्राप्त हुन्छ ।

# निर्वाचनमा दलितको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रतिबद्धता



**सुर्खेत/मस-** राजनीतिक दलहरूले आसन्न प्रदेश तथा सङ्घको निर्वाचनमा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने सामूहिक प्रतिबद्धता जनाएका छन् । समता फाउन्डेशन र साझेदारी सशक्तिकरण केन्द्रद्वारा वीरेन्द्रनगरमा सम्पन्न निर्वाचनमा दलित समुदायको प्रतिनिधित्व सवालसम्बन्धी कार्यक्रममा दलका प्रमुख नेताहरूले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

दलहरुले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा दलित जनप्रतिनिधिको अनुभव र कामको मूल्याङ्कन गर्दै माथिल्लो पदहरूमा पुग्ने वातावरण सिर्जना गर्ने, दलित समुदायको उपस्थितिलाई प्रभावकारी बनाउन पहल गर्ने, दलित जनप्रतिनिधिलाई बिना रोकटोक काम गर्ने वातावरण बनाउने, पार्टी कार्यकर्ताले जातीय विभेद गरेको पाइएमा दलीय र कानुनी दुवै कारबाही प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाएका छन् ।

प्रतिबद्धतापत्रमा नेपाली कांग्रेसका कर्णाली प्रदेश उपसभापति कालीबहादुर सहकारी, नेकपा (एकीकृत समाजवादी) का प्रदेश अध्यक्ष अम्मरबहादुर थापा, नेकपा (माओवादी केन्द्र) दलित मुक्ति मोर्चाका प्रदेश अध्यक्ष पार्वती विक र नेकपा (एमाले) का प्रदेश सदस्य टेकेन्द्रकुमार बस्नेतले हस्ताक्षर गर्नभयो । छलफलमा कांग्रेस प्रदेश उपसभापति सहकारीले पछाडि पारिएका दलित तथा सीमान्तकृत समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउन सबैको इमान्दार प्रयास आवश्यक पर्ने बताए ।

एकीकृत समाजवादीका प्रदेश अध्यक्ष थापाले स्थानीय सरकारमा दलित समुदायको सहभागिता आशालाग्दो भएको धारणा राखे । अधिकारकर्मी वसन्त विकले संवैधानिक बाध्यताबाहेक राजनीतिक दलहरूले दलित समुदायको अर्थपूर्ण सहभागिताका लागि चासो नदिएको गुनासो गरे । कार्यक्रमका सहभागीले प्रमुख दलका नेताहरूको इच्छाशक्तिले मात्रै दलित समुदायको सहभागितालाई निर्णायक र अर्थपूर्ण बनाउन सम्भव हुने धारणा व्यक्त गरेका छन् ।

# नागरिकता विधेयकबारे कानूनविद्सँग राष्ट्रपतिको छलफल



**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले संसदमा फिर्ता पठाइएको नागरिकता विधेयकको बारेमा कानूनविद्हरुसँग छलफल गरेकी छिन् ।

प्रतिनिधिसभाको बैठकमा फिर्ता पठाइएको नागरिकता विधेयकबारे संसदमा छलफल चलिरहेका बेला राष्ट्रपतिले शीतलनिवासमा बिहीबार साँझ संविधानविद्, कानूनविद् र सम्बन्धित सरोकारवाला पक्षहरुलाई बोलाएर छलफल गरेकी हुन् ।

छलफलमा सहभागीहरुले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक माथी राष्ट्रपतिले दिएको सन्देशलाई सरकार र संसदले गम्भीर रुपमा नलिएको टिप्पणी गरेका छन् ।

राष्ट्रपति भण्डारीसँगको छलफलका क्रममा उनिहरुले राष्ट्रपतिले संवैधानिक दायरा अनुसार दिएको सुझावहरु मनन नगरी हठात र संसदीय मर्यादा विपरित सरकार अघि बढेको बताएका छन् ।

छलफलमा संविधानविद्ले राष्ट्रप्रमुखले गरेका प्रत्येक संवैधानिक कदमका जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्ने अन्तराष्ट्रिय अभ्यास भएपनि नेपालमा भने दूर्भाग्यपूर्ण अवस्था देखियो बताएका छन् ।

नागरिकता जस्तो विषयलाई संसदको दुई तिहाई बाट टुंग्याउनुपर्ने विषय भएपनि संविधान निर्माणका क्रममा नै त्रुटि भएको छलफलमा सहभागीको भनाइ थियो । छलफलमा सविधानविद् डा. सुरेन्द्र भण्डारी, संविधानविद् डा. भीमार्जुन आचार्य, संविधानविद् डा विपिन अधिकारी, अधिकारकर्मी सुवोध प्याकुरेल, वरिष्ठ पत्रकार आदित्यमान श्रेष्ठ र ध्रुवहरि अधिकारी लगायतको उपस्थिति थियो ।

# तीज खर्चिलो तथा भड्किलो नगर्न आग्रह



कैलाली/मस-जिल्ला प्रशासन कार्यालय कैलालीले नजिकिँदै गरेको महिलाहरुको महान चाड हरितालिका तीज कार्यक्रम खर्चिलो तथा भड्किलोरूपमा नगर्न आग्रह गरेको छ ।

विगत केही वर्षयता हरितालिका तीज पर्व मनाउने नाममा विभिन्न तडकभडकसहितका अत्यन्त खर्चिला कार्यक्रम गर्ने गरेकोमा त्यस्ता क्रियाकलाप नगर्न कार्यालयले शुक्रबार एक सूचना जारी गर्दै आग्रह गरेको हो ।

आफ्नो परम्परा, सामाजिक रीतिरिवाजलाई निरन्तरता दिने तथा संवर्द्धन गर्नेबाहेक अन्य कुनै खालका खर्चिला तथा महँगा तीजसँग सम्बन्धित कार्यक्रम सञ्चालन नगर्न नगराउन सम्पूर्ण जिल्लावासीहरुमा अनुरोध गरिएको छ ।

ऐन नियमको विपरीत हुने गरी कोही कसैले अनावश्यक भड्किलोरूपमा तामझाम, तडकभडक र खर्चिलो हुने गरी तीज कार्यक्रमहरु गरे गराएमा कानूनबमोजिम कारवाही हुनेसमेत सूचनामा उल्लेख छ ।

साथै सुंसस्कार कायम गर्ने यस कार्यमा राजनीतिक दल, नागरिक समाज, पेशागत संघसंस्थाहरु, सञ्चारकर्मीहरु र महिला सञ्जाल तथा सम्पूर्ण जिल्लावासीहरुबाट सहयोगको अपेक्षा गरिएको छ ।

# गुजरामा पोर्टेवल कोल्ड स्टोर उद्घाटन



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ भदौ

रौतहट गुजरा नगरपालिकाको कटानीमा पोर्टेवल कोल्ड स्टोरको उद्घाटन गरिएको छ । नगरप्रमुख सन्तलाल चौधरी र उपप्रमुख रत्ना लामाले संयुक्त रुपमा वडा नं. २ कटानीमा रहेको कोल्ड स्टोरको उद्घाटन गरेका हुन् । साना किसान कृषि सहकारी संस्था गुजरा २ रंगपुरको आयोजना र गुजरा नगरपालिका सिमरा भवानीपुरको सहयोगमा पोर्टेवल कोल्ड स्टोरको उद्घाटन गरिएको हो ।

नगर प्रमुख चौधरीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रम सहकारीका अध्यक्ष धर्मेन्द्र धामीको अध्यक्षतामा भएको थियो ।

गुजरा नगरपालिकाको सहयोगमा आ.व.२०७८/७९ को २२ लाख रुपैयाँ अनुदान स्वरूप प्राप्त रकममा उक्त पोर्टेवल कोल्ड स्टोर निर्माण गरिएको गुजरा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिनोद जयसवालले जानकारी दिए ।

साना किसान कृषि सहकारी संस्थाले निर्माणको जिम्मा पाएको थियो । कूल १ सय ५० क्विन्टलसम्म क्षमताको उक्त कोल्ड स्टोर सहकारीको जग्गामा निर्माण गरिएको छ ।

कोल्ड स्टोर बनेपछि सो आसपासको कृषिजन्य उत्पादन सुरक्षित रुपमा स्टोर गर्न सहज हुनेछ ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख प्रशासकीय अधिकृत जयसवालले पोर्टेवल कोल्ड स्टोर निर्माण भएपछि यसलाई सदुपयोग गर्न किसानहरूसँग आग्रह गरे । आवश्यकता अनुसार किसानहरूलाई ५ देखि १० लिटर सम्मको क्यान दिइएको थियो । सो अवसरमा उपमेयर रत्ना लामा, प्रमुख प्रशासकीय अधिकृत जयसवाल, वडा अध्यक्ष अशोक चौधरी लगायत स्थानीय किसान, बुद्धिजिवीहरुको उपस्थिति रहेको थियो ।

## इजरायल...

गराउनुहुनका साथै कोभिड-१९ विरुद्धको पूर्ण खोप लगाइ सो को प्रमाणपत्र व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान भैसेपाटीमा रहेको इजरायल सम्पर्क शाखामा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।'

त्यस्तै विभागले सम्बन्धित उम्मेदवारले अनिवार्यरुपमा तीन प्रति पासपोर्ट साइजको रंगीन फोटो र आफ्नो राहदानीको प्रतिलिपि लिएर आउनसमेत सूचित गरेको छ ।

विभागले इजरायलका दीर्घकालीन स्याहार केन्द्रको रोजगारीका लागि एक हजार १ सय ४७ जना छनोट गरेको थियो । त्यसमा ७० प्रतिशत महिला कामदार छन् । विभागले छनोट भएकाहरुलाई चरण-चरणमा गरेर इजरायल पठाइरहेको छ । त्यस्तै इजरायलले नेपालबाट थप एक हजार कृषि कामदार लैजाने निर्णय पनि गरिसकेको छ ।

## प्रत्येक...

११४१, मन्त्रालयको टोल फ्रि नम्बर १६६००१५०००५, ल्यान्डलाइन नम्बर +९७७-०१-५९७०००८, ह्वाट्स एप र भाईबर ९८०१३०००३३ र फेसबुक आईडीमार्फत सम्पर्क गर्न सकिने बताएको छ ।

हरेक आइतबार एक घण्टा प्रत्यक्षरूपमा हुने कार्यक्रममा स्वदेश तथा विदेशबाट समस्या राख्न सकिने मन्त्रालयले बताएको छ । मन्त्री कुँवर राजधानी बाहिर रहेको अवस्थामा भने श्रमिकसँग श्रममन्त्री कार्यक्रम नगरिने मन्त्रालयले जनाएको छ ।

## संसदको...

निर्वाचन घोषणा गरेको छ । संविधानले प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल पाँच वर्ष हुने व्यवस्था गरेको छ । तर, उक्त कार्यकालको गणना कहिलेदेखि हुने हो र निर्वाचन घोषणा भएको अवस्थामा सभाहरू सामान्य अवस्थामा जस्तै क्रियाशील हुन सक्ने हुन् वा होइनन् भन्नेबारे संविधान र कुनै कानुनमा लिखित व्यवस्था छैन ।

अधिवक्ता मनिराम उपाध्याय भन्छन्, 'विगतमा सर्वोच्च प्रशासनले जे जस्तो गरे पनि रिट दर्ता भएको छ । अब चुनावको मिति घोषणा गरेपछि संसद्को कार्यकाल सकिन्छ वा सकिँदैन भनेर सर्वोच्चले नै फैसला गर्नेछ ।'

### भूलसुधार

मध्यान्ह राष्ट्रिय दैनिकको वर्ष २० अंक १९५ को पृष्ठ ८ मा मिति २०७९ भाद्र ३ गते शुक्रबार **(19 August 2022, Friday)** हुनुपर्नेमा अन्यथा भएकाले भूल सुधार गरिएको छ । -स.

**कम्पनीको नाम परिवर्तन सम्वन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/०४**

यस कम्पनीको मिति २०७८।१२।३० मा सम्पन्न विशेष साधारण सभा बमोजिम साविक कम्पनी **कान्तिपुर डेन्टल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९।०१।१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **कान्तिपुर डेन्टल हस्पिटल एण्ड रिसर्च सेन्टर कलेज अफ हेल्थ एण्ड टेक्निकल साईन्सेज् प्रा.लि**. कायम गरिएके व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**हर-हिसाब फरफारक गर्न तत्काल उपस्थित हुने सम्बन्धमा**

उपरोक्त संबन्धमा सिन्धुली जिल्ला, झाँगाझुली रातामाटा गा. वि. स., वडा नं. २ को हाल भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं....बस्ने वर्ष ३३ को तँपाई जयराम आचार्य (मो.नं. ९८४१९६१०३५)यस **साँग्रिला स्प्रिरिट प्रा.लि**.को मार्केटिङ्ग कार्यका लागि **Customer Executive** पदमा कार्यरत रहँदै आउनु भएको थियो । तँपाइको कार्यक्षेत्र काठमाडौं जिल्ला तोकिएकोमा तँपाइले आफ्नो स्वेच्छाले मिति २०७७/१०/३० मा पदबाट राजिनामा दिएको र उक्त राजिनामा स्वीकृती भइ नसकेको अवस्था छ । यसरी तँपाइले आफ्नो पदबाट राजिनामाको जानकारी दिए पश्चात यस कार्यालयमा हाजिर नहुँदा तपाईको कार्य- क्षेत्रमा रहेको विभिन्न पार्टिहरु संगको हरहिसाब मिलान गर्नको लागी पटक पटक ताकेता गर्दा पनि हरहिसाब मिलान गर्न नआएकाले यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सम्पर्क राख्न आउनु होला अन्यथा प्रचलित नेपाल कानून बमोजिम तँपाई उपर आवश्यक कानूनीकार्वाही गरी लेनादेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराउन चाहान्छ । साथै निज जयराम आचार्यसँग कम्पनीको तर्फबाट कोही कसैले कुनै प्रकारको आर्थिक कारोबार नगर्न नगराउनु हुन समेत यसै सूचनाद्धारा जानकारी गराउन चाहान्छु ।

**साग्रिला स्प्रिट्स प्रा.लि.**
**वित्त व्यवस्थापन शाखा**
**काठमाण्डौ-२८, कमलादी ।**

## 'नागरिकता विधेयकले राष्ट्रियता बलियो बनाउँछ'



**काठमाडौं/मस**-गृहमन्त्री बालकृष्ण खाँणले प्रतिनिधिसभाबाट बहुमतले पारित भएको नागरिकता ऐनलाई संशोधन गर्न ल्याइएको विधेयकले राष्ट्रियतालाई बलियो बनाउने बताएका छन् ।

कृष्ण जन्माअष्टमी पर्वको अवसरमा शुक्रबार काठमाडौंमा आयोजित चैतन्य झाँकी प्रवचन कार्यक्रममा गृहमन्त्री खाँणले विधेयक प्रमाणीकरण भएपछि नागरिकता पाउन नसकेका नेपाली बाबुआमाका छोराछोरी नागरिकताविहीन हुनु नपर्ने बताए ।

विसं २०७२ मा संविधान बनेपछि कानुन बनाउँन नसक्दा नागरिकता पाउन नसकिएका युवालाई नागरिकता दिने उद्देश्यसहित विधेयक ल्याइएको उनले बताए । 'नेपाली नागरिकता भएका बाबुआमाका छोराछोरीलाई नेपाली नागरिकता दिनुपर्ने थियो तर विसं २०७२ मा संविधान जारी भएपछि कानुन बनाउन नसकिएकाले नागरिकता दिन सकिएको थिएन, अहिले सरकारले नागरिकता पाउन नसकेका नेपाली बाबुआमाका छोराछोरीलाई नागरिकता दिन विधेयक अगाडि बढाएको हो', गृहमन्त्री खाँणले भने । उनले विधेयकलाई सबैले साथ दिनुपर्ने आवश्यकता औँल्याए ।

# प्रसूति गृहमा नेपालको पहिलो 'ह्युमन मिल्क बैंक'

**काठमाडौं/मस**- काठमाडौं थापाथलीस्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा आमाको दूध भण्डारण गर्न मिल्ने 'ह्युमन मिल्क बैंक' स्थापना गरिएको छ ।

अस्पतालको ६४ औं वार्षिकोत्सवमा अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले शुक्रबार देशकै पहिलो ह्युमन मिल्क बैंक 'अमृत कोष'को उद्घाटन गरेकी हुन् ।

कोषको उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले अमृत कोषको स्थापनाले मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा एक ऐतिहासिक थालनी भएको बताइन् । राष्ट्रपति भण्डारीले आफ्नै पहल र व्यापक दृष्टिकोणका आधारमा अमृत कोषको स्थापनाले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिन् । नेपाली समाजमा आमाको दूध दान गर्ने कार्य पुरानो अभ्यास भएपनि अमृत कोषले सुव्यवस्थित र संस्थागत रुपमा आमाहरूबाट दान गरिएको दुधको संकलन, प्रशोधन र भण्डारण गरी आवश्यक पर्ने शिशुहरूलाई वितरण गर्ने कार्य सुरुवात गरेको भन्दै उनले प्रशंसा गरिन् ।

सुरुमा प्रसूति गृहमै जन्मिएका तर आमाको दूध नआएर वा अन्य कारणले



आमाको दूध पाउन नसक्ने शिशुलाई दूध उपलब्ध गराउने उद्देश्यले अमृत कोषको स्थापना गरिएको अस्पतालका निर्देशक डा. अमिर बाबु श्रेष्ठले बताए । उनका अनुसार अघिल्लो वर्ष 'ह्युमन मिल्क बैंक' को स्थापना गर्ने अवधारणा ल्याएको थियो ।

हरेक वर्ष विश्वभर करिब १ करोड ५० लाख शिशुहरू समय नपुगी नै जन्मिने गरेका छन् । शिशुहरू आफ्नो जीवनको पहिलो महिनामा मृत्युको उच्च जोखिममा हुन्छन् भने समय नपुगि जन्मेका र कम तौल भएका शिशुहरू अझ बढी जोखिममा हुन्छन् ।

सन् २०१९ को नेपाल बहुसूचक सर्वेक्षण अनुसार नेपालमा नवजात मृत्यु दर (जीवनको पहिलो २८ दिनमा प्रति १००० जीवित जन्ममा मृत्यु हुनेको संख्या) १६ छ ।

त्यस्तै, शिशु मृत्यु दर (प्रति १००० जीवित जन्ममा १ वर्षभन्दा कम उमेरको मृत्यु हुनेको संख्या) २५ र ५ वर्ष मुनिको मृत्यु दर (प्रति १००० जीवित जन्ममा) २८ छ । स्तनपानले बच्चाको पहिलो खोपको रूपमा काम गर्ने र बाल्यकालका सामान्य रोगबाट बचाउने गर्छ ।

अस्पताललाई सरकारले स्थापनाका लागि गत वर्ष १ करोड ५ लाख बजेट पनि दिएको थियो । यो बैंक स्थापना गर्न प्राविधिक सहयोग युनिसेफले गरेको छ र स्वास्थ्य क्षेत्रमा काम गर्दै आएको 'पाथ'ले स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरेको छ । मासिक १००० जना बच्चाहरूलाई 'ह्युमन मिल्क बैंक' ले प्रत्यक्ष रुपमा लाभ दिने अस्पतालले आँकलन गरेको छ ।

परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा आर्थिक वर्ष २०७८-०७९ मा २४ हजार ३६९ जना सुत्केरी भएका थिए । जसमध्ये ९ हजार ११८ जनाको शल्यक्रिया भएको अस्पताल प्रशासनले जनाएको छ । प्रसूति गृहमा दैनिक ६० देखि ७० जना सुत्केरी हुने र जन्मिएका शिशुमध्ये सीसीयूमा राखिएका ४० प्रतिशत जतिलाई दूधको आवश्यकता पर्ने अस्पतालकी नवजात शिशु विभागकी प्रमुख तथा बालरोग विशेषज्ञ डा. कल्पना सुवेदीले बताइन् ।

## कतारमा नेपालीले गरे रक्तदान



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ३ भदौ

नेपाली श्रमिक कल्याणकारी संघ कतारको आयोजनामा बृहत रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कतारको सरकारी अस्पताल हमदको रक्त संकलन केन्द्रको परिसरमा ब्लड डोनर सेन्टर संगको सहकार्यमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा कतारमा स्थापित विभिन्न संघ संस्था प्रमुख तथा सामाजिक अभियन्ता सहित १७२ जना सहभागीहरूको उपस्थिति रहेको थियो । घाना, इन्डिया, श्रीलंका, फिलिपिन्स, इटाली स्विजरल्यान्ड लगायतका उपस्थितहरु मध्यबाट ७० जनाले रक्तदान गरेको कार्यक्रम संयोजक दर्शन सुनारले मध्यान्हलाई जानकारी दिए । रक्तदान पुण्यको कार्य भएको र संघको कार्य प्रशंसनीय रहेको उपस्थितहरूले प्रतिक्रिया दिएका थिए ।

संघका तर्फबाट रक्तदातालाई प्रशंसा पत्र प्रदान गरिएको थियो । रक्तदान जस्तो पुन्यको कार्यमा उल्लेख्य उपस्थित जनाउनु हुने तथा दाताहरूलाई संघको तर्फबाट अध्यक्ष देव लम्सालले धन्यवाद तथा आभार प्रकट गरेका थिए ।

# कर्मचारीबीचको विभेद हटाउनुपर्नेमा जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ भदौ




श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहदुर कुँवरले कर्मचारी, कर्मचारीबीचको विभेदलाई हटाउनुपर्नेमा जोड दिएका छन् । शुक्रबार काठमाडौंमा आयोजित अखिल नेपाल सरकारी अस्थायी करार तथा ज्यालादारी कर्मचारी श्रमिक संघको चौथो राष्ट्रिय सम्मेलनमा बोल्दै मन्त्री कुँवरले कर्मचारी कर्मचारीबीचको विभेदलाई हटाई सबै कर्मचारीहरुमा समानता हुनुपर्ने बताए ।

अस्थायी करार तथा ज्यालादारी कर्मचारीहरुकातर्फबाट आफ्नो मन्त्रालयमा डेलिगेसन पुगेको बताउँदै मन्त्री कुँवरले आफ्नोतर्फबाट त्यसबारे आवश्यक पहल भइसकेको जानकारी समेत दिए ।

'अस्थायी करार र ज्यालादारी कर्मचारीहरुका आफ्नै ब्यथा छन् । सँगैको साथी काम गरेको छ, रिटायर्ड हुँदा पेन्सन बुझेर गएको छ, उसको सामाजिक सुरक्षाको ग्यारेन्टी भएको छ र केटाकेटीहरुको लालनपालन भएको छ, घरपरिवार सुरक्षित छन्,' मन्त्री कुँवरले भने, ' अर्को सँगैको साथी बीसौं वर्ष काम गरेको छ, अस्थायी छ, करारमा काम गरेको छ । तर उसले जागिरबाट रित्तो हात फर्कनुपर्ने अवस्था छ । यो कर्मचारी कर्मचारीबीचको विभेदलाई हटाउनुपर्छ ।'

मन्त्री कुँवरले तीन वर्षअघि सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा कोष लागू गरेकाले त्यसमा अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरु समेटिनुपर्ने बताए । समाजिक सुरक्षा कोषको दायरमा ल्याउनका लागि आफ्नो मन्त्रालयको पहलमा करिब ६० हजार अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको तथ्यांक संकलन गरी अर्थ मन्त्रालयमा फाइल पठाइसकिएको पनि उनले जानकारी दिए ।

कार्यक्रममा प्रमुख अतिथिका रुपमा उपस्थित माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई मन्त्री कुँवरले उक्त फाइलबारे आवश्यक निर्देशन गरिदिन समेत आग्रह गरे ।

जवाफमा अध्यक्ष प्रचण्डले आफू दोस्रो पटक प्रधानमन्त्री हुँदा बखत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको सेवा सुविधामा हेरफेर गरेको स्मरण गराउँदै आफू जहिले पनि मजदूर हरुको पक्षमा रहेकाले करार र ज्यालादारी कर्मचारीका उचित मागबारे सरकार र सम्बन्धित निकायमा पहल गर्ने आश्वासन दिएका थिए ।

## डेंगु परीक्षण गर्न किटको अभाव




**रामकरन हरिजन/मध्यान्ह**
नवलपरासी, ३ भदौ

पश्चिम नवलपरासीको जिल्ला अस्पतालमा डेङ्गु परीक्षण गर्ने किटको अभाव भएको छ । बुटवल प्रदेश आपूर्ति केन्द्रले प्रयाप्त किट उपलब्ध नगराउँदा समस्या देखिएको छ ।

नवलपरासीको सदरमुकाम परासीस्थित पृथ्वीचन्द्र जिल्ला अस्पतालमा डेङ्गु, कालाजार र स्क्रब टाइफस जाँच गर्नका लागि किटको अभाव हस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डाक्टर नुरुल होदाले बताए । उनका अनुसार पछिल्लो समय डेङ्गुका बिरामीहरु बढ्न थालेका छन् । तर आरडिटी परीक्षण गर्ने किटको चरम अभाव देखिएको छ ।

पछिल्लो दश दिनदेखि पश्चिम नवलपरासीको रामग्राम, पाल्हीनन्दन, प्रतापपुर, सरावल लगायतका स्थानीयतहरुमा डेङ्गुका बिरामी बढ्न थालेका अस्पतालले जनाएको छ । पृथ्वीचन्द्र अस्पतामा केही दिन पहिला दुई जनामा डेङ्गुको संक्रमण पुष्टि भएको थियो । त्यसपछि किटको अभावमा लुम्बिनी प्रादेशिक अस्पतालमा जाँचका लागि पठाउने गरिएको डाक्टर होदाले बताए ।

## उठ्न थाल्यो काठमाडौं उपत्यकाको फोहोर

**काठमाडौं/मस**- दुई महिनादेखि काठमाडौं उपत्यकामा थुप्रिएको फोहर व्यवस्थापनका लागि कम्तीमा १० दिनको लाग्ने भएको छ ।



पटकपटक सिसडोल र बञ्चरेडाँडाका स्थानीयले विभिन्न माग राखेर फोहर व्यवस्थापनमा अवरोध गरेपछि उपत्यकाको फोहर दुई महिनादेखि व्यवस्थापन हुन सकेको थिएन ।

सहरका चोक, गल्लीमा लामो समयदेखि फोहर थुप्रिएको छ । साविक बमोजिम फोहर व्यवस्थापनको लागि स्थानीयले अवरोध नगरे र पानी परेर बाटो बन्द नभए आगामी १० दिनमा सबै फोहर व्यवस्थापन हुने कामपाका प्रमुख बालेन्द्र साहको सचिवालय सदस्य सुनिल लम्सालले बताए ।

उनका अनुसार अहिले पनि काठमाडौं उपत्यकाको १८ स्थानीय तहमा आठ हजार टिप्पर फोहर व्यवस्थापन गर्नुपर्ने छ । विना अवरोध नियमित फोहर व्यवस्थापन गर्न सकेको अवस्थामा सबै फोहर व्यवस्थापनमा सो समय लाग्नेछ । फोहर व्यवस्थापनको सम्बन्धमा बुधबार काठमाडौं, धादिङ र नुवाकोटका प्रमुख जिल्ला अधिकारी, सिसडोल र बञ्चरेडाँडाका स्थानीयबीच भएको चार बुँदे सहमतिपछि बिहीबारबाट साविक बमोजिम फोहर व्यवस्थापन कार्य हुन थालेको हो ।

पछिल्लो सम्झौताअनुसार फोहरको गाडीबाट लिच्चड चुहाउन पाइने छैन । तर कामपासँग अहिले लिच्चड ट्यांक भएको ७५ टिपर छन् । ती टिपरले दैनिक दुई टिप गर्नेछन् भने एक सय ५० वटा लिच्चड ट्यांक भएका टिपर भाडामा लिएर प्रयोग गर्ने तयारी रहेको सचिवालय सदस्य लम्सालले बताए । सहमतिपछि बिहीबारबाट नै दुई महिनादेखि टेकु ट्रान्सफर स्टेसनमा थुपारिएको फोहर व्यवस्थापनको काम पनि सुरु भएको छ । उक्त स्थानमा पनि अझै पाँच सय टिपर फोहर रहेको बताइएको छ । लामो समयदेखि उपत्यकाको १८ स्थानीय तहको फोहर अन्तिम व्यवस्थापनस्थलसम्म लान नपाएपछि कामपाले टेकुमा थुपारी प्लाीस्टकले छोपेर राखेको थियो । हाल सञ्चालनमा रहेको फोहर बोक्ने टिपरको संख्यामा वृद्धि गरी केही दिनमा नै दैनिक तीन सय गाडीले फोहर विसर्जनको तयारी रहेको छ ।

अहिले उपत्यकाको विभिन्न स्थानमा अस्तव्यस्त रुपमा रहेको फोहरको विसर्जन हुने वित्तिकै त्यसपछि बञ्चरेडाँडामा लगिने सबै फोहर पूर्ण रुपमा वर्गीकरण भएर मात्रै लाने जनाइएको छ । घरबाट फोहर उठाउँदा स्रोतमै वर्गीकरण गर्ने विषयलाई महत्वका साथ हेर्ने र तोकिएको बारअनुसार फोहरको वर्गीकरण नभए यसअघि भनेझैं कारबाही प्रक्रिया अघि बढाइने कामपाले चतावनी दिएको छ ।

लामो समयसम्म रोकिएको फोहर व्यवथापनको लागि नेपाल टिपर तथा ट्रक व्यवसायी समिति र समानान्तर निर्माण सेवालगायत संस्थाले काठमाडौँको फोहर अन्तिम व्यवस्थापनस्थलसम्म लानका लागि निःशुल्क सेवा प्रदान गरेका छन् ।

बिहीबार उक्त समितिले एक हजार आठ सय टिपर फोहर बोकेर ल्याण्डफिल साइट पुगेका थिए । समानान्तर निर्माण सेवाले पनि पूर्ण निःशुल्क सेवा दिने गरी ३० वटा टिपर उपलब्ध गराएको समितिका सचिवालय सदस्य रत्नमणि पाठकले जानकारी दिनुभयो । फोहर व्यवस्थापनका लागि अवरोध गर्ने शृंखलामा सहयोग गर्न आएका सहयोगीप्रति आभार प्रकट गर्दै कामपाका प्रमुख साहले फोहर व्यवस्थापन कार्यलाई वातावरण र जनस्वास्थ्यमैत्री बनाउने प्रयासमा सबैले जोड दिन आवश्यक रहेको बताए ।

उपत्यकाको फोहर व्यवस्थापनको सवालमा सिसडोल, बञ्चरेडाँडाका स्थानीय बीच पटक पटक सहमति भएको छ। पटकपटकको सहमति कार्यान्वयन नगरेको भन्दै स्थानीयले समय समयमा अवरोध गर्दै गर्दा काठमाडौँमा फोहरको डङ्गुर थुप्रने गरेको छ ।

## एचआईभी संक्रमितलाई रामपुर अस्पतालबाटै औषधि वितरण

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर, ३ भदौ

पाल्पाको रामपुर अस्पतालले एचआईभी संक्रमितहरुलाई मध्यनजर गर्दै औषधि उपलब्ध गराउन थालेको छ। संक्रमितलाई नियमित औषधि सेवन गर्न अन्यत्र जानुपर्ने समस्याले झण्झट र खर्चिलो भएपछि रामपुरबाटै सेवा शुरु गरिएको हो । अस्पतालबाट अहिले नियमित औषधि सेवन, परामर्श सेवा र परीक्षण सेवा दिइएको छ । यसभन्दा अआडि सदरमुकाम तानसेनस्थित युनाइटेड मिसन अस्पतालबाट मात्रै नियमित औषधि उपलब्ध हुने गरेको थियो ।

बिरामीलाई सहज सेवा दिने उद्देश्यले २०७८ फागुनबाट रामपुर अस्पतालले संक्रमितलाई औषधि वितरण सेवा शुरु गरिएको हो । अहिले अस्पताललाई कार्यक्षेत्र बनाएर करिव १ सय २० जना




संक्रमित सम्पर्कमा आएको अस्पताल प्रमुख नेत्रनारायण पोखरेल बताए ।

रामपुरकी ३२ वर्षीय एक युवतीले रामपुर अस्पतालबाटै एचआईभी एड्सको नियमित औषधि तथा परामर्श सुबिधा पाएपछि सदरमुकाम तानसेन धाउनुपर्ने समस्या टरेको बताइन् । दुईवर्ष अघिदेखि उनले युनाइटेड मिसन अस्पतालबाट नियमित रुपमा औषधि सेवन तथा परामर्श सेवा लिँदै आएकी थिइन् । उनीसहित परिवारका चार जना सदस्य एचआईभी संक्रमित छन् ।

'नियमित औषधि र परामर्श सेवाका लागि तानसेन आवतजावत गर्न खर्चिलो तथा झमेला हुन्थ्यो, अहिले भने गाउँमै सेवा पाएपछि सहज भएको छ' उनले भनिन् ।

एचआईभी संक्रमण भयो भन्दैमा आत्तिनुपर्ने अवस्था नरहेको र नियमित औषधि सेवन, स्वास्थ्यकर्मीसँग परामर्श सेवा लिदै आत्मबल बलियो बनाइयो भने अरु व्यक्ति सरह नै बाँच्न सकिने उनले बताइन् ।

यस क्षेत्रमा एचआईभी संक्रमितका लागि नियमित खाने औषधिको सेवा नहुँदा युनाइडेड मिसन अस्पताल, पोखरा लगायतका क्षेत्रमा पुगेर बिरामीले सेवा लिदै आएको अवस्थामा उनीहरुलाई स्थानीयस्तरमा नै रहेको अस्पतालबाट सेवा दिनुपर्न भन्ने मनसायले सेवा दिन थालिएको अस्पताल विकास समितिका अध्यक्ष रामप्रसाद ढकालले बताए ।

पछिल्लो समय नियमित औषधि सेवन, स्वास्थ्यकर्मीको सम्पर्कमा रही परामर्श सेवा लिने बिस्तारै बढ्दैछन् । नियमित औषधि सेवन गरी निर्धक्कका साथ आत्मबल बलियो बनाएर अन्य व्यक्ति सरह नै जीवन जिउँन सकिने हुँदा केही व्यक्ति समाजमा मज्जाले खुलेरै हिड्ने पनि गरेको पाइन्छ । समाज र आफन्तको डर, लाजका कारण केही संक्रमित खुल्न सकिरहेका छैनन् । गाउँमा औषधि सेवा वितरण भइरहेपनि अझैपनि यहाँका केही बिरामी भने डर र लाजका कारण अन्यत्र नै सेवा लिन जाने गरेको पाइएको छ ।

## उपाध्यक्ष मौलाना मशहुद खाँलाई मन्त्री वसीउद्दीनले दिए बधाई

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, ३ भदौ

लुम्बिनी प्रदेशका शिक्षा तथा खेलकुदमन्त्री वसीउद्दीन खाँले मदरसा शिक्षा व्यवस्थापन समन्वय समितिका उपाध्यक्ष मसहुद खाँलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।

उनले कपिलवस्तुको कृष्णनगरमा एक कार्यक्रममा सहभागी हुन आएको बेला लुम्बिनी प्रदेश मदरसा बोर्ड उपाध्यक्ष मौलाना मशहुद खाँको घरमा पुगेर उनलाई उपाध्यक्ष पदमा मनोनीत भएकोमा बधाई दिँदै सफल कार्यकालको



शुभकामना दिएका हुन् ।

मौलाना अब्दुल रशिदले मन्त्री खाँलाई दोसल्ला ओढाई सम्मान प्रकट गरेका थिए । मौलाना मशहुद खाँ नेपाली धेरै समयदेखि मदरसाको हकहित तथा संरक्षण व्यवस्थापन सम्बन्धी काम गर्दै आएका छन् । पहिला पनि लुम्बिनी प्रदेश मदरसा बोर्डको उपाध्यक्ष भएर काम गरी सकेको अनुभव उनमा रहेको छ । डा. सलमान खान, राष्ट्रिय मदरसा संघका उपाध्यक्ष शैख जैस मक्की, नियाज खान, अब्दुल नुर, हाफिज तारिक, डा. शहीद, अब्दुल हसिब, लगायतले मन्त्री खासँग भेटघाट गरेका थिए ।

कथा

# बादल फाट्दै गएपछि



■ इन्द्रकुमार श्रेष्ठ 'सरित'

बलैले रोक्न खोजेको आँशु थाहै नपाई फेरि छचल्किएछन् । खुशीले मन झुमे पनि यो आँशु बग्नै पर्ने । जे भए जसो भए पनि आँशु बग्नै पर्ने र दुःखले मनलाई चिमोटे पनि गाँजे पनि यो आँशु बग्नै पर्ने । जे भए जसो भए पनि आँखाले ओभानो हुने मौका पटक्कै नपाउने । आँखाबाट आँशुलाई पन्छ्याएर कम्प्युटरको अनहारमा हेरेँ – सौम्या र सौरबलाई लेखेको इमेल ठीकै भएकोले सेण्ड बक्समा क्लिक गरेँ । मलाई थाहा छ, उनीहरुलाई हातले लेखेको चिठी पढिरहने फुर्सद छैन अझ भनूँ यो समय नै इमेल इन्टरनेटकै हो । आँखै अगाडि छोराछोरी आएसरि इमेलमा टाइप भएका आफ्नो छोराछोरीको नामलाई मैले स्नेहपूर्वक स्पर्श गरेँ । सौम्या र सौरब, मेरो आँखा, मेरो मुटु, यी दुई नै मेरा संसार हन्, बाँच्ने मेरा आधार हन् । यो खुशी यो प्राप्ति, आल्हादका यी मीठा अनि मूल्यवान पलहरुलाई साटासाट गर्न ती दुई बाहेक तेस्रो व्यक्ति अर्को हुनै सक्दैनन् मेरा लागि ।

कम्प्युटर बन्द गरेर बैठकमा आएकी मात्र थिएँ देवी बज्यैले चिया बनाएर ल्याई सकिछन् । "मलाई मात्रै ल्याउनु भो चिया, तपाईंलाई खोइ त ?"

"म त बाहिर घाममा बसेर खान्छु ।" देवी बज्यै निस्किएपछि मेरो मनले फेरि आँशुसँगकै नाता जोड्न खोज्छ । दुई आँखाबाट बग्ने रंगहीन आँशु पनि प्रसङ्ग र समयअनसार फरक हुँदा रहेछन् । आजभन्दा बीस/बाइस वर्ष अगाडि मेरा आँखाबाट बग्ने आँशुमा पीडाको रंगबाहेक अरु केही थिएन । प्रत्येक थोपामा पीडा, यातना, अत्याचार र कष्ट बाहेक अरु केही हुँदैन थियो । काला ती दिनहरुलाई आज सम्झिँदा पनि आङ जिरिङ्ग हुन्छ, कहाली लाग्छ भने हिजोका दिनहरुमा म आफैले ती दिनहरु कसरी बिताएँ होला ? कसरी सहेँ हुँला मैले ती कालरात्रीहरुलाई ? पीडादायी यो यथार्थ मलाई मात्र थाहा छ तर, मेरा छोराछोरीलाई थाहा छैन ।

प्रवेशिका उत्तीर्ण हने वित्तिकै मैँले प्राथमिक विद्यालयमा पढाउन थालेकी थिएँ । साँझमा म नेशनल कलेजमा पढ्थें । बाबु बिनाका हामी चार छोराछोरीलाई आमाले धेरै दुःखले हर्काउनु भएको थियो । बुवाको साथी हवल्दार कर्ण थापाको सहयोगले मैँले यत्ति सजिलै जागीर पाएकी थिएँ । मेरो लागि यो जागीर कुबेरको खजानाभन्दा पनि ठूलो र महत्वपर्ण थियो । यही जागीरमा स्थायी हन पाए आफू पढ्दै आफ्नो भाइबैनीहरुलाई पढाएर हरदम आमाको आँखाबाट बग्ने आँशु पुछ्ने मेरो चाहना थियो । सम्पत्तिको नाममा हाम्रो एउटा झुप्रो बाहेक केही थिएन । तर, आमाको हातमा जस्तै लुगालाई पनि सुन्दर पोशाक बनाउने सीप थियो । आमाको त्यही सीपले हाम्रो परिवार पालिएको थियो । मैँले पनि घरमा चार पैसा कमाएर ल्याउन थालेपछि भाइबैनीको विद्यालय जानेक्रम नियमित भएको थियो ।

के सोचिरहनु भा' हजुरले ? भान्छा तयार भो, आउनुस् । '–दुर्गा बज्यैको आवाजले म अतीतबाट वर्तमानमा फर्किन्छु ।

आमाको र मेरो मेहनतले घर जेनतेन चलेकै थियो । उधारो खानु नपरोस्, ठूलो दुःख बिमार नहोस् भन्ने आमाको र मेरो सधैँको कामना हुन्थ्यो । तर, अप्रत्यासितरूपमा हरेन्द्रबहादर सिंहबाट मसँग विवाहको प्रस्ताव आउँदा हामी आमाछोरी स्तब्ध भएका थियौं, एकाएकको यो प्रस्तावले हामी स्तब्धभन्दा पनि अझ बढी त्रसित भएका थियौं । आपसमा धेरैबेर हेराहेर गर्दा हाम्रो मनमस्तिष्कले भनिरहेको थियो, यो भ्रम हो, सत्य यसमा छँदै छैन । तर हाम्रो स्तब्धतालाई भङ्गर्दै कर्ण थापा काकाले भन्नुभयो । "यसमा नपत्याउनुपर्ने कुरै छैन । मेजर्नी साबलाई शर्मिष्ठा नानी असाध्यै मन पऱ्यो रे ! यस्तै मेहनती मान्छेले घर गरी खान्छन् रे भनेर मलाई त कुरा पक्का गरेरै आउन भन्नु भा'छ ।"

प्रस्ताव जत्तिसुकै राम्रो भए तापनि मलाई मञ्जुर थिएन किनभने म कम्तिमा पनि स्नातक हुन चाहन्थें । मेजर्नी साहेवको प्रस्तावभन्दा पनि बढी दवाब र हरेन्द्रबहादरको प्रशंसाले आमा लोभिनु भयो कि गल्नु भयो, त्यो उहाँ नै जानुन् । तर, आमाले मञ्जुरी दिनु भयो । जवकि म आफ्नो लक्ष्यअनुसारको पढाई नसकी कुनै पनि हालतमा अहिले विवाह गर्न चाहँदैन थिएँ ।

"छोरी योभन्दा गतिलो केटो र उच्च घरान त तेरो बुवा बाँचिरहेका भए पनि तेरो लागि खोज्न सक्दैन थिएँ । त्यसैले छोरी नाईं नभन । तेरै जिन्दगी सप्रिन्छ ।" मेरै जिन्दगी सप्रिने सपना देख्ने मेरो सुखी जिन्दगीको कामना गर्ने आमाले आफ्नो पछ्यौरी थापेपछि मैले मेरो इन्कारभावलाई बागमतीमा सेलाउनुको मसँग अर्को विकल्प थिएन ।

मेरो मनमा विवाहको बारेमा कनै योजना थिएन, आफ्नो निजी लोग्नेमान्छेको मसँग कुनै काल्पनिक चित्र पनि थिएन भने आफ्नो निजी घरको झन मैले कल्पना नै गरेकी थिइनँ । तर, सोह्र वर्षकै कलिलो उमेरमा अट्ठाइस वर्षको खानदानी जमिन्दार हरेन्द्रबहादरसँग मेरो विवाह भयो । पोते र सिन्दूर दिएको आडमा विवाहको पहिलो रातमै उसले आफूभित्र रहेको पशुत्वलाई निःशुल्क प्रदर्शन गऱ्यो । तर, मेरो रुवाई सुन्ने त्यहाँ कोही थिएनन् । घरको सदस्यको नाममा आमा र छोरामात्र भएको त्यो घरमा नोकरचाकर चाहिँ आठ/दश जना रहेछन् ।

माइतभन्दा विलकुलै भिन्न माहौलको घरमा नै मैले आफूलाई अभ्यस्त गराउनु थियो । तीन/चार रोपनी जग्गालाई घेरेको कम्पाउण्डभित्र ठडिएको चार तले घर बाहिरबाट हेर्दा जत्ति सुन्दर देखिन्थ्यो भित्रबाट भने यो त्यत्तिकै कुरूप थियो भन्ने यथार्थ भुक्तभोगीलाई मात्र थाहा हुन्थ्यो । किनभने हरेन्द्रबहादुरको निश्चित कुनै काम थिएन । कामको नाममा ऊ केवल मौजा उठाउनका लागि मात्र तराईतिर झर्दो रहेछ । अरु बेला भने ऊ तास, जुवा र रण्डीबाजीमै भुलिरहेको हुँदो रहेछ । तर, हिसाव किताव राख्ने, नोकर चाकर अहउने, ठालुकहाँ चाकरीमा जाने कुरामा मेजर्नी साहेबलाई कसैले नभेट्ने रहेछन् । बूढा मुन्सी काका चाहिँ मेजर्नी साहेबका खास विश्वासपात्र रहेछन् भन्ने बुझ्न मलाई धेरै समय लागेन ।

टन्न मातेको अवस्थामा भुतुचाको सहयोगमा ढनमनिँदै जहिले पनि आधारातमा आइपग्थ्यो हरेन्द्रबहादुर । उसको अत्याचार नियमित आकस्मिकता भइसकेको थियो । उसको अत्याचारको बिरोध गर्ने प्रयत्न गर्दा मैले लोग्ने र सासु दवैबाट पिटिनु पऱ्यो । "लोग्नेले जे भन्छ त्यो तैंले मान्नै पर्छ, बुझिस् ?", रौद्र रूप देखाउदै मेजर्नीले भनिन्, "हैनभने यो विशाल महलको कुनै कुनामा तेरा हाडखोर मक्किएको त आफैले पनि था'पाउने छैनस् । बालखा हैनस् तँ पनि, यत्ति बुझिराख ।"

सौम्या जन्मिएपछि छोरीको मुख हेरेर भए पनि हरेन्द्र सुध्रिएला, मलाई श्रीमतिको दर्जामा राखेर हेर्ला भन्ठानेकी थिएँ । तर, म कुनोमा छँदै उसले बजारिया आईमाईलाई घरैमा ल्याउन थाल्यो । मैँले सुरुमा रोएर पनि अन्धी हुनु, कान भएर पनि बैरी हुनु र मुख भएर पनि लाटी बन्नु । यसैमा तेरो भलाई छ नत्र...।", सासुले आफ्नो रौद्र रूप देखाउँदै भनिन् ।

जतिसकै औलादौला भए तापनि यो घर मेरो लागि नर्क समान थियो । मेरा लागि माया, स्नेह, सद्भाव र विश्वासको यहाँ कनै सम्भावना थिएन, अंश थिएन । मेरो जीवनमा म यही प्राप्तिका लागि प्रयत्नरत थिएँ तर, निराशाबाहेक अरु केही हात लागेन । सासु र लोग्नेलाई बिन्ति गर्दा पनि मैँले मेरो छोरोको मुखसमेत हेर्न पाइनँ । कसलाई पोख्नु मैँले मेरो मनको बह ? अकल्पनीय यस्ता दुःख र कष्ट एउटी गरिब केटीले मात्रै सहन सक्छे भनेरै मेजर्नीले मलाई आफ्नो आवारा छोराका लागि रोजेकी रहछिन् भन्ने बुझ्न मलाई लामै समय लाग्यो । तर, जिन्दगी नर्कको आगोमा हुरहुर बलिरहँदा पनि पढ्न मैले छाडेकी थिइनँ । किनभने जिन्दगीमा म मेरो दिवंगत बुवाझैं असल शिक्षिका बन्न चाहन्थें ।

छोराछोरीको मुख हेर्न माग्दा, पढ्न जान खोज्दा र जागीरमा जान खोज्दासमेत बातैपिच्छे कुटाई नखाएको दिन थिएन । मेरा अनुनय विनय, घुर्की, आँशुको केही नलागेपछि मैले प्रहरीमा जानुको बिकल्प थिएन । प्रहरीले घरैमा आएर हरेन्द्र र सासुलाई सम्झाए, चौकीमा बोलाएर सम्झाए । तर, केही लागेन । अन्त्यमा कानुन व्यवसायीको सहारामा लिखित उजुरी दिएपछि प्रहरीले पक्राउ गरेर लान खोजेपछि मात्र उनीहरु अलि मत्थर भए । आफ्नै नानीहरुसँग भेट्न पनि मैँले ठूलै संघर्ष गर्नुपऱ्यो । यो संघर्षका क्रममा बगेका आँशु हेर्ने हो भने काली र गण्डकीतिर फर्किंदा पनि अन्यथा नहोला नै ।

आमाछोराले भित्रभित्रै ठूलै षडयन्त्र गर्दैछन्, कतै यही घरभित्रै मेरो चिहान पार्ने पो हुन कि भन्ने शंका बलियो हुँदै गएपछि अंश दाबीसहित पारपाचुकेका लागि जिल्ला अदालत गएँ । कानुनदेखि तर्सिएका आमाछोराले मलाई शारीरिक यातना दिन नसके पनि मानसिक



> मैले आफूले प्राथमिक स्तरदेखि पढाउँदै आएको विद्यालय उच्च मा.वि.मा परिणत भैसकेको छ । आज त्यही उच्च मा.वि.को म प्राचार्य छु । पढाउनु अब मेरा लागि पेशा होइन प्रेम भइसकेको छ । किनभने शिक्षण कार्यप्रतिको मेरो लगाव, प्रेम र आशक्तिको म वर्णन गरेरै सक्दिन । विद्यालयको प्राङ्गणमा उभिएर चराझैं चिरबिर चिरबिर गर्ने विद्यार्थीहरुको हुल देख्दा मलाई त्यसै त्यसै आनन्दको अनुभूति हुन्छ, रगतको सट्टामा मेरा नशा नशामा खुशी दौडिएको अनुभूति हुन्छ ।

असहमति र बिरोध जनाएँ । किनभने विद्रोह गरिहाल्ने मेरो क्षमता र आँट दुबै थिएन । तर मेरो आँशुले उसलाई अलिकति पनि भिजाएन बरु उसले बजारिया आईमाई लिएर नआएको दिन भान्सेहरु मिसरीचा होस् वा चम्पाकली दुईमध्ये एउटीलाई तान्न ऊ अघि सर्थ्यो । पुरुषको यो रूपको मैले कल्पनै गरेकी थिइनँ, कतै देखेकी वा सुनेकी पनि थिइनँ । तर, जुन पुरुषसँग मैले आफ्नो सिंगो जिन्दगी बिताउनु छ । त्यही मान्छेले नैतिकताका सम्पूर्ण सीमाहरु उल्लंघन गरेर मलाई मर्नु न बाँच्नु बनाइ रहेछ । के गरुँ म ? कसलाई भनूँ म यो पीडा ? आमालाई भनूँ भने दुःखमाथि कति दुःख दिनु दुखियारी आमालाई ? सबैभन्दा पहिला मैले सासुलाई नै भन्ने निधो गरेँ र भने पनि । तर प्रत्युत्तरमासासु, लोग्ने, मुन्सी, मिसरीचा, चम्पाकली मिलेर मलाई कुट्नुसम्म कुटे । कुटाईले म इन्त न चिन्त भएर लडेकी थिएँ । साह्रै तिर्खा लागेकोले पालैपालो घरका सबैलाई बोलाए । तर, कसैले सनेनन् । त्यसैले घस्रिएरै भान्छातिर लागें । भान्छाभन्दा वर्तिर मेजर्नी साहेबको कोठामा मैले जे देखें, त्यो देखेर म आकाशबाट एकैचोटि धर्तीमा बजारिएँ । मलाई अब छ्याङ्ग भयो– हरेन्द्र किन यसरी पशु भएको रहेछ ? किन उसले नैतिकताका सम्पर्ण पर्खालहरु नाघेको रहेछ । किन यो घरमा मुन्सी काकाको हैकम चल्दो रहेछ ?

मैले हरेन्द्रलाई हात जोडें । उसको पाउ समातें ।

"हेर्नस्, तपाईले सही बाटो रोज्नु भएन भने तपाईंका नानीहरु पनि गलत बाटोमा लाग्नेछन् । त्यसैले बिन्ति छ, गलत बाटो नहिँड्नुस् , बिन्ति छ ।"

"कसको नानी ? केको नानी ? मलाई सब थाह्छ तेरोको को-कोसँग लसपस छ, मुवा हजुरले मलाई सप्पै भनिस्या छ ।", उसले मेरो केश भुत्ल्याउदै भन्यो ।

"मेरो विरुद्धमा मेरो छोरोको कान भर्नेको परिणाम यस्तै हुन्छ ।", सासुले पनि मेरो कपाल लुछ्न् बाँकी राखिनन् ।

"यो घरको बुहारी भएर बस्ने मन भए आँखा भएर यातना र दुःख दिन भने छाड्नन् । अब एउटै भान्सामा मेरो लागि भात पनि पाक्दैन थियो ।

"लोग्ने र सासुको विरुद्धमा उजुरी हाल्नेले आफैले पकाएर खानु । भान्सामा दाल, चामल, नुनतेल जम्मै छन् । भान्छामा दैलो ला'छैन क्यारे ।", सासुको दर्वचन, लोग्नेको अपहेलना र मुन्सी काकाको अनुहारमा छाएको व्यंग्यलाई सहेरै मैले कानुनी लडाई लडिरहेँ । त्यसको अर्को विकल्प नै थिएन मसँग । मुद्दा फिर्ता लिन मलाई चौतर्फी दवाब र धम्की दिइयो । तर, मैले टेरिन । किनभने एकबारको जुनी अन्याय र अत्याचार सहेर यो नर्कमा काट्न म कुनै हालतमा तैयार थिइनँ । म बाँच्न चाहन्थें, आफ्नै लागि र आफ्नो सन्तानहरुका लागि पनि । त्यसका लागि मैँले यो घरबाट निस्किनु जरुरी थियो । जिन्दगीमा कहिलेकाहीँ अपत्यारिलो घटना घट्दो रहेछ । जूवाको खालमा भनाभन र भनाभनपछिको हात हालाहालमा हरेन्द्रबहादुरको ज्यान गयो । उसका जुवाडे साथीहरु अक्कलबहादुर, सुरेन्द्र शमशेर, नरेन्द्रजंग आदिलाई प्रहरीले समातेर मुद्दा चलायो । हरेन्द्रको लाश देखेर त्यसबेला जड भएछु म । किन किन म छाती चिरिउञ्जेल रुन चाहन्थें । तर, आमाछोराकै कारणले सुकिसकेका रहेछन् मेरा आँखाका आँशु । मेरा रङ्गीन वस्त्रको सट्टामा सेतो वस्त्र लगाई दिँदा पो मेरो रुवाईको बाँध भत्किएछ । मलाई थाहा छैन, त्यसबेला म किन रोएँ ? हरेन्द्रबहादुरको मायाले वा कलिलो उमेरमै बिधवा हुनु परेको पीडाले ? म अहिले पनि यसै हो भन्न सक्दिन ।

सासु र म बीचको दूरी झनै बढेर गइरहेको थियो । हरेन्द्र नै नरहेपछि मेरो मुद्दाको प्रवृत्ति नै फेरियो । छोराछोरीको लालनपालनका लागि पनि केटाकेटीहरुलाई उनीहरुको बाबुको सम्पत्ति दिलाउनु मेरो कर्तव्य थियो । करिब चार/पाँच वर्षको लडाइँपछि मैतिदेवीको एउटा थोत्रो घर र थोरै जग्गा मेरो भागमा पऱ्यो । म त्यसमा पनि खुशी थिएँ । आफ्नो नानीहरुसँगै बसेर सुखले शिर ओताउने छानोभन्दा बढी मलाई अरु केही चाहिएको पनि थिएन । जे जस्तो भए पनि माष्टरी जागीरमा म स्थायी भइसकेकी थिएँ ।

अदालतको आदेशअनुसार छुट्टै भिन्नै भए पनि मेजर्नीले मलाई दुःख दिन, मेरो बदनामी गर्न कुनै कसर बाँकी राखिनन् । मुन्सी काकाको माध्यमले समेत मलाई बदनाम गर्ने प्रयत्न गरिन् उनले । तर, सत्य डग्दैन भन्ने अटुट विश्वाससा साथ मैले थोत्रो घरलाई स्याहारेर बस्न हुनेसम्म बनाएँ । भाइबैनीले छाडेर एक्ली भएकी आमालाई आफैसँग राखेँ । फेरि एकपटक हामी आमाछोरी एक अर्काको सहारा भएका थियौँ । आमा आफूसँग भएपछि मलाई ठूलो रुखको छहारीमुनि ओत लागेको अनुभूति भइरहेको थियो ।

तर, मेरो जीवनमा अझै कालो बादल मडारिन छाडेको रहेनछ भन्ने मलाई थाहै थिएन । एक दिन अचानक अदालतको समन पाउँदा पो म झल्याँस्स भएँ । मेजर्नी साहेबले नाति नातिना आफूले पाउँ भनी मुद्दा हालेकी रहिछिन् । त्यो दिन असहनीयरूपले छाती दुख्यो । उहाँको आफ्नै सन्तान थियो, सहमतिले नै लगेको भए पनि म नाइँ भन्दिन थिएँ । तर फेरि एक पटक मलाई अदालतको चक्कर काट्नुपर्ने बाध्यता आइलाग्यो ।

"सैंम्या र सौरब तपाईंकै सन्तान हुन् । यिनलाई भेट्न, यिनलाई माया गर्न कानुनको सहारा लिइरहनै पर्दैन, मूवाहजुर", पहिलो पटक अदालत परिसरमा भेट भएपछि मैले मेजर्नी साहेबसँग अनुरोध गरेँ ।

"तेरा छाउराहरुसँग भेट्न मलाई कुनै रहर छैन, बरु तँलाई सञ्चोले बस्न नदिन हेर्दै जा म कहाँसम्म गर्छु ।"

जिन्दगी मेरो लागि प्रत्येक पाइलामा भोगाई होइन चुनौतिको रूपमा अगाडि आइरहेको थियो । म गरिब अनि टुहुरीलाई उनीहरुले नै रुचाएर विवाह गरे । तर, मलाई कहिल्यै सञ्चोले बाँच्न दिएनन्, थोरै स्नेहको ध्यू मेरो जिन्दगीको भागमा हालिदिने दया-मायासमेत देखाएनन् । आखिर मेरो गल्ती नै के थियो र ? अदालतको फैसलाभन्दा अगाडि नै न्यायाधिससामुँ उभिएर भनें, "श्रीमान् यदि मेरा नानीहरु आफ्नी हजुरआमासँग बस्न राजी हुन्छन् भने मलाई कुनै आपत्ति छैन ।"

त्यसपछिका दिनहरुमा मेजर्नी साहेबसँग मेरो खासै भेटघाट भएन । उनले आफ्नो जीवनकालमै आफ्नो श्रीसम्पत्ति छोरी र छोरीपट्टीका नातिनातिनाहरुलाई दिइसकेको खबर मैँले पनि सुनेकी थिएँ । उनको सम्पत्तिमा मलाई कुनै चासो पनि थिएन । यो बेलासम्म मैले स्नातक गरिसकेकी थिएँ र यसबेला म माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई नेपाली पढाउँथें । पुरानो घर अब ढल्ला तब ढल्लाको थितिमा पुगेपछि त्यसलाई भत्काउनै पऱ्यो । आफू बस्ने बासको जोहो गर्न मैले आधा जग्गा बेचिदिएँ र बाँकी रहेको आधा जग्गामा घर बनाउन थालें । मेरो त यसमा सहमति मात्र थियो, जग्गा बेच्ने, घर बनाउने, नानीहरु स्याहार्ने सबै जिम्मेवारी आमाले लिनु भएको थियो । त्यसैले त म बिहान बेलुकी पनि बच्चाहरुलाई ट्युसन पढाउँथें, दुई पैसाको जोहो गर्न । तर विधिको बिडम्बना नयाँ घर बनाउने सिङ्गो जिम्मेवारी लिने मेरी आमाले नयाँ घरमा बस्ने मौका पाउनु भएन । घर सर्ने बिहानै बोल्दाबोल्दै उहाँले हामीलाई सधैंका लागि छाडेर जानु भयो ।

जीवनको यो मोडहरुमा आएर म साँच्चिकै टुहुरी भएकी थिएँ । आमा नहुनु भएको भए दुईवटा नानी स्याहार्नु, जागीर खानु, पढ्नु, पढाउनु यी सबै मेरा लागि कल्पना बाहिरका कुरा हुने थिए । त्यसैले फेरि एकपटक हवल्दार काकालाई गुहारेँ । अभरमा मेरा लागि उहाँ नै एकमात्र भर हुनुहुन्थ्यो । कहाँबाट हो उहाँले नै एउटी होइन दुईवटी आमा मेरा लागि ल्याईदिनु भयो । सुरुमा केही असजिलो अनुभव भए पनि बिस्तारै हामी पाँच जना आपसमा छुट्टिनै नसकिने गरी घुलमिल भएछौं । नानीहरु र घरको बारेमा मैले चिन्तै लिनु परेन । त्यसैले विद्यालयमा पढाउनु र घरमा ट्युसन पढाउनु बाहेक मैले घरमा अरु केही हेर्नु नपर्ने भएपछि प्राइवेट परिक्षार्थीका रूपमा मैले एम.ए.को फर्म भरें ।

मानिसले थाहै नपाई समयले पखेटा लगाएर उड्दो रहेछ । ताते गर्ने दुई जोर खुट्टाहरु जवान भएर उच्च अध्ययनका लागि विदेश पुगे । यसैबीचमा मैले पनि स्नातकोत्तर प्रथम श्रेणीमा उत्तीर्ण गरेँ । मैले आफूले प्राथमिक स्तरदेखि पढाउँदै आएको विद्यालय उच्च मा.वि.मा परिणत भैसकेको छ । आज त्यही उच्च मा.वि.को म प्राचार्य छु । पढाउनु अब मेरा लागि पेशा होइन प्रेम भइसकेको छ । किनभने शिक्षण कार्यप्रतिको मेरो लगाव, प्रेम र आशक्तिको म वर्णन गरेरै सक्दिन । विद्यालयको प्राङ्गणमा उभिएर चराझैं चिरबिर चिरबिर गर्ने विद्यार्थीहरुको हुल देख्दा मलाई त्यसै त्यसै आनन्दको अनुभूति हुन्छ, रगतको सट्टामा मेरा नशा नशामा खुशी दौडिएको अनुभूति हुन्छ । यही शिक्षण पेशाले मलाई अधिराज्यभरिका शिक्षकहरुमध्ये उत्कृष्ट ठहऱ्याउँदै शिक्षा दिवसका दिन राष्ट्रपतिको हातबाट राष्ट्रिय पुरस्कार प्राप्त हुँदैछ । निमन्त्रणा त आइसकेकै थियो फोनबाट पनि त्यही व्यहोरा पत्रबाट पनि जानकारी गराइएको रहेछ । फोन क्रेडिलमा राखेर यसो आफ्नो आँखा छाम्छु –यो आँशु फेरि आँखाको डिलमा बास बस्न आइसकेछ । साँच्चै आँशुलाई आँखाको डिलमा बस्न आउने पनि बहाना मात्र चाहिने रहेछ जबकि मलाई थाहा छ, जीवनका अँध्यारा रातहरु सिद्धिएर नयाँ बिहानीमा चियाउने यो रंगहीन आँशु पक्कै पनि खुशीको आँशु हो भनेर ।

कविता

## फोहोर र राजनीति !



बलराम तिमल्सिना

राजनीतिमा फोहोर मिसिएको हो,
फोहोरको राजनीति सुरु भएको हो,
या फोहोरले राजनीति गर्न थालेको हो ?
मानिसहरू अचम्मित छन् ।
जसरी फोहोरको थुप्रामा छन्
फाटेका कपडा
बासी भात
वीर्यले भरिएका कण्डमहरू
प्लास्टिकका बोतल
र तरकारीका बोक्राहरू
जसरी ती मिलेर बसेका छन्
र मिलेर संक्रमण फैलाएका छन्
मिलेर सुन्दरता बिगारेका छन्
राजनीति पनि त्यस्तै भएको छ ।

राजनीतिमा पनि छ
हिटलरको राष्ट्रवाद
जो अहिले तन्नेरी पल्टेको छ
र, अज्ञात शत्रुको खोजीमा
तरवार बोकेर निस्केको छ ।
राजनीतिमा पनि
मार्क्स र एङ्गेल्स
ड्युहरिङ्गसँग मस्केर बसेका छन्
लेनिन काउत्स्कीसँग
स्टालिन खुस्चेवसँग
माओ तेङ्ग स्याओपिङ्गसँग
र पुष्पलाल पुष्पकमलसँग मस्केर बसेका छन्
अर्थात् त्यस्तो दृश्य देखिन्छ ।

हिटलरको राष्ट्रवाद
लेनिनको समाजवाद
माओको नौलो जनवाद
विपीको प्रजातान्त्रिक समाजवाद
अमेरिकाको अनुदार उदारवाद
र नियन्त्रित खुला बजार
सिजिन पिनको ब्यापारिक समाजवाद
मोदीको हिन्दू अतिवाद
गान्धीको चर्खावादी शान्तिवाद
यी सबै मिसाएर एकै ठाउँमा
नेपाली समाजवादको आविष्कार गरिएको छ ।

राजनीतिमा
देखेपछि आफ्नो अब्बल भूमिका
फोहोरहरू स्वयम् राजनीतिमा उत्रिएका छन्
सडकको दायाँ किनारको फोहोरलाई
वायाँ किनारको फोहोरले
दक्षिणपन्थीको आरोप लगाएको छ
नियमापत्ती जनाउँदै त्यसमा
दायाँ किनाराको फोहोरले
उग्रवादी घोषणा गरेको छ वायाँलाई
जुन फोहोर
सडकको मध्य भागमा छ
ऊ दोधारमा परेको छ
उसलाई मध्यपन्थीको आरोप छ ।

फोहोर र राजनीति
राजनीति र फोहोर
फोहोरको राजनीति
र फोहोरको आफ्नै राजनीति
यी सबै पसेर मान्छेका दिमागमा
एउटा विभ्रमको बिमारी फैलिएको छ ।
एका बिहानै उठेर फोहोरहरूले
घोषणा गरेका छन्
अब देशको जिम्मा हामी लिन्छौं
देशमा सुशासन हामी दिन्छौं !
उनीहरुको नारा छ
संसारका फोहोरहरू एक होऔं !
र संसारबाट सुन्दरताको अन्त गरौं ॥

## तीन मुक्तक



पौडेल विमुन्स

१.
गल्ती गरे पनि जीवन मार्न कहाँ सकिन्छ
दुनियाले देख्दा आँशु झार्न कहाँ सकिन्छ
पानाहरू जिन्दगीका मैलो कालो भए पनि
एक पन्ना च्याती तल सार्न कहाँ सकिन्छ ?

२.
आज भन्यो भोलि भन्यो गयो जिन्दगी
बर्सिएका आँशु गन्यो गयो जिन्दगी
अरूलाई दुःख दिन्छु भन्दाभन्दै एकदिन
आफैं लड्ने खाल्डो खन्यो गयो जिन्दगी ॥

३
एक्लै एकदिन रुँदारुँदै भासिएको रसा देख्न
पाउनेका भुँडी, नपाउनेका हाड र नसा देख्न
आत्मीयता पैसासँग जोडिदै छ आजभोलि
बेकारमा चाड आयो गरिबको दशा देख्न ॥

# जलवायु शरणार्थी बन्ने जोखिममा बंगलादेशको तटीय भेगका बासिन्दा

**काठमाडौं / एजेन्सी–** दक्षिणी बंगलादेशका स्थायी बासिन्दा मोहम्मद ज्वेल र आरजु बेगमका पितापुर्खाले बनाएको टिनको छाना भएको घर एक वर्ष अघि मेघ्ना नदीको बाढीले बगाएपछि उनीहरू पुर्ख्यौली थातथलो छाडेर अन्यत्र जान बाध्य भए ।

भोला जिल्लाको रामदासपुर गाउँमा रहेको आफ्नो घर बगेको भोलिपल्ट बिहानै यी दम्पती आफ्ना चार जना छोरा लिएर सय किलोमिटर टाढा राजधानी ढाकातर्फ लागे । रामदासपुर गाउँ सबैभन्दा बढी बाढीबाट प्रभावित तटीय क्षेत्रहरूमध्येको एक हो जहाँ धेरै गाउँलेहरू नियमित रूपमा हराउँछन् । उनीहरूका घर र जग्गा पनि बंगालको खाडीमा बिलाउँछन् ।

बंगलादेशबाट बग्ने मेघ्नालगायत धेरै नदीको उद्गमस्थल हिमालय हो । एक सय ३० भन्दा बढी नदी देशको उत्तरी र उत्तरपूर्वी क्षेत्रबाट बग्छन् जसले वर्षायाममा तल्लो तटीय क्षेत्रमा बाढीको गम्भीर जोखिममा पर्ने गरेका छन् ।

जलवायु परिवर्तनका कारण देशको मौसममा अनियमितता उत्पन्न भई नदीको किनार द्रुत रूपमा भत्किने र गाउँपछि गाउँ ध्वस्त हुने गरेका विज्ञहरू बताउँछन् । वर्षायाममा धेरै नदीहरूले बाटो परिवर्तन गर्छन् जसले बजार, विद्यालय, मस्जिद बगाउँछन् ।

समुद्री सतहको वृद्धि, नदी कटान, चक्रवात आँधी र भित्री भूभागमा नुनिलो पानी बग्ने कारण लाखौं विस्थापित हुने र 'जलवायु शरणार्थी' बन्ने जोखिममा परेका वैज्ञानिकहरू बताउँछन् । गत वर्ष



प्रकाशित विश्व बैंकको प्रतिवेदनअनुसार सन् २०५० सम्ममा दक्षिण एसियाका आन्तरिक जलवायु शरणार्थीमध्ये एक तिहाइ बंगलादेशमा हुने अनुमान गरिएको छ ।

'हामी नदी हेरेर हुर्केका हौं, यहीँ माछा मारेर बाँचिरहेका थियौं तर अहिले हामीबाट सबै कुरा खोसिएको छ, मेरो चित्त दुख्छ जब म मेरो गाउँ, मेरा पुर्खाहरू, मेरा पुराना दिनहरू सम्झन्छु । मसँग मेरो जन्मस्थान छोड्नुको विकल्प थिएन,' भर्या आरजु बेगमका साथ एक वर्षपछि रामदासपुरको आफ्नो पुरानो घर भएको स्थानमा पुगेका ज्वेल भावुक हुँदै भन्छन् ।

मेघ्ना नदीले पथ परिवर्तन गरेर आफ्ना छिमेकीका घर पनि बगाएको देखे । उनले बाल्यकालमा बस्तीको नजिकबाट नदी बगेको कहिल्यै महसुस गरेका थिएनन् तर केही वर्षयता मेघ्नाको धार हरेक वर्ष मानवबस्तीतर्फ सोभिँदै गएको छ ।

कुनै समय साना खुद्रा सामग्रीका पसल, चियाचमेना बेच्ने पसल, हाटबजार र हरियालीले आकर्षक गाउँ अहिले उजाड प्रायः छ । दुई हजारभन्दा बढी मानिसको बसोबार रहेको आफ्नो गाउँमा मुस्किलले अहिले पाँचसय जना भेटिन्छन् ।

हालैका वर्षमा हुन थालेको मुसलधारे वर्षाले तटीय क्षेत्रका बासिन्दाको जीवन कष्टकर बनाएको तथा आफ्ना समुदायका पुराना साथी र तिनका घरका अवशेषहरूबाट हिँड्दा आरजु बेगमलाई पनि उत्तिकै पीडा हुन्छ । 'डुब्ने डरले घरको ढोकामा डोरीले खुट्टा बाँधेर कान्छो छोरालाई हुर्काएको हुँ । ज्वारभाटाको समयमा घर पानीले भरियो र मेरो कान्छो छोरो सधैं पानीतिर लाग्थ्यो, अवोध केटाकेटीलाई पानीमा खेल्न आनन्द आउँछ,' बेगम विगतलाई यसरी सम्झन्छिन् ।

मेघ्नाको बाढीबाट विस्थापित भएकाहरू कोही उठाइएका अग्ला भागमा, कोही भाडाको घरमा, कोही बाँधको छेउमा अस्थायी आश्रयमा बसिरहेका छन् । बेगम ढाका गइन् तर उनी पनि समुदायका अरूजस्तै घरबारविहीन भइन् ।

प्रतिदिन दुई हजारभन्दा बढी आप्रवासी राजधानी ढाका आउने गरेका छन् । बंगलादेशको राजधानीको उत्तरी भागमा जलवायु परिवर्तनका कारण प्रभावित भएका आप्रवासीका लागि आश्रयस्थल निर्माण गरिरहेका छन् तर ज्वेल र बेगमको परिवार उक्त आश्रयस्थलमा टाउको लुकाउने स्थान पाउन असमर्थ छन् ।

विशेष गरी अमेरिका, चीन र भारतजस्ता देशले हरित गृह ग्यास उच्च मात्रामा उत्सर्जन गर्नाले विश्वका धेरै स्थानमा अधिक कठोर मौसमी घटना बढाएको विज्ञहरू बताउँछन् । ढाकाको मिरपुर क्षेत्रमा बसेका ज्वेल र बेगमलाई मेघ्नाको त्रास अब छैन तर उनीहरूको जीवनमा कुनै परिवर्तन आएको छैन ।

घरघर पुगेर ज्वेल फोहर संकलन गर्छन् र प्राप्त १२ हजार टाका पारिश्रमिकले परिवारको भरणपोषण गर्छन् । उनलाई सबैभन्दा मननपर्ने काम नै फोहर सङ्कलन गर्नु हो तर उनी विवश छन् । बेगमको काम पनि सरसफाइसँगै सम्बन्धित छ । उनी दुईवटा घरमा सरसफाईको काम गर्छिन र महिनामरेपछि पाइने चार हजार टाकाले घर भाडा तिर्न श्रीमान्लाई आफ्नो आम्दानी सुम्पिन्छिन् । वर्षदिन अघि आफ्नै घरमा बसेकी उनलाई अहिले महिनैपिच्छे घरवेटीलाई भाडा तिर्नुपर्दा नरामाइलो लाग्छ ।

# उत्तरी सिरियामा झडपमा परी १३ सर्वसाधारणको मृत्यु



**काठमाडौं / एजेन्सी–** सिरियाको टर्कीसँग जोडिएको उत्तरी सीमामा पछिल्लो पटक भएका हिंसात्मक झडपमा परी कम्तीमा १३ जना सर्वसाधारणको मृत्यु भएको युद्ध अनुगमनकारी एक संस्थाले शुक्रबार बताएको छ ।

कुर्द नेतृत्वको सिरियन डेमोक्र्याटिक फोर्सेसमाथि टर्कीको सेना र उनीहरूका सिरियाली समर्थकविरुद्ध बढ्दो तनावको पृष्ठभूमिमा यो रक्तपात भएको हो । टर्कीको नियन्त्रणमा रहेको सिरियाली सेनाको नियन्त्रणमा रहेको सीमावर्ती शहर अल-बाबमा सिरियाली सरकारले शुक्रबार बिहान गरेको गोलाबारीमा नौ जना सर्वसाधारणको मृत्यु भएको बेलायतस्थित 'सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स'ले जनाएको छ ।


उक्त मानव अधिकारवादी संस्थाले भनेको छ, 'आक्रमणमा परी मृत्यु हुनेमा बालबालिका पनि रहेका छन् भने कम्तीमा ३० जना घाइते भएका छन् ।' कुर्दिश बहुल एसडीएफका एक प्रवक्ताले आफ्नो संलग्नता अस्वीकार गरेका छन् । गोलाबारी एक व्यस्त बजार क्षेत्रमा भएको थियो । आक्रमणपछि स्थानीय बासिन्दाहरू आक्रमणमा परेका मानिसहरूको उद्धारमा खटिएका थिए ।

एएफपीका एक संवाददाताका अनुसार आक्रमणले बजार क्षेत्रमा क्षति पुऱ्याएको छ र शरीरका अङ्गहरू, छरिएका तरकारी हरू र ठेलागाडाहरू भत्किएका छन्। टर्की र सिरियाका कुर्दहरूबीच यसै साता टर्कीले गरेको घातक आक्रमणमा १७ जना सरकारी र कुर्द लडाकुको मृत्यु भएपछि टर्की र सिरियाका कुर्दहरूबीच हिंसा बढेको थियो ।

उत्तरपूर्वी सिरियाको स्वायत्त कुर्द प्रशासनले शुक्रबार टर्कीको आक्रमणले हसाके शहर नजिकैको क्षेत्रमा बालिकाहरूको पुनःस्थापना केन्द्रमा आक्रमण भएको बताएको छ । अब्जरभेटरीका अनुसार उक्त केन्द्रमा भर्ना भएका चार जना बालबालिकाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन् ।

अङ्काराले एसडीएफको मुख्य घटक कुर्दलाई आतंकवादी संगठनको रूपमा मान्दछ जसको आफ्नै क्षेत्र भित्र कुर्द विद्रोहसँग जैविक सम्बन्ध छ । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले हालै उत्तरी सिरियामा कुर्दहरूविरुद्ध व्यापक अभियान चलाउने चेतावनी दिनुभएको थियो । तर इरान र रुसबाट हरियो बत्ती प्राप्त गर्न असफल भएको ठानिएको छ ।

# फिनल्याण्डकी प्रधानमन्त्री विवादमा



**काठमाडौं / एजेन्सी–** फिनल्याण्डकी प्रधानमन्त्री सना मरिनले निकै आलोचनाको सामना गरिरहेकी छिन् । खासमा उनको एक भिडियो लिक भएको छ, जसले गर्दा उनीमाथि अनेकन टिप्पणी गरिएको छ । सनाको यो भिडियो एक पार्टीको हो । भिडियो फुटेज सामाजिक सञ्जालबाट लिइएको बताइएको छ । फुटेजमा उनी आफ्ना साथी र केही सेलिब्रेटीको साथ नाचिरहेको देख्न सकिन्छ ।

विपक्षी पार्टीले यस भिडियोलाई लिएर उनीमाथि टिप्पणी गरिरहेका छन् । विपक्षी दलका एक नेताले उनीमाथि ड्रग्स टेस्ट हुनुपर्ने माग गरेका छन् । ३६ वर्षीया मरिनले पार्टीमा लागुऔषध लिएको कुरालाई अस्वीकार गर्दै आएकी छिन्। उनले आफूले अल्कोहल मात्र लिएको र निष्फिक्री पार्टी गरेको बताएकी छिन् ।

सना विश्वकै सबैभन्दा कम उमेरकी प्रधानमन्त्री हुन् । उनले पार्टी गरेको कुरा कहिल्यै पनि लुकाएकी छैनिन् । उनले म्युजिक कन्सर्टमा सामेल भएको तस्बिर पोस्ट गर्दै आइरहेकी छिन् । भिडियोमाथि टिप्पणी गर्दै उनले भनिन्, 'म नाचिरहेको थिएँ, गाइरहेको थिएँ अनि पार्टी गरिरहेको थिएँ । जुन कुरा बिल्कुलै कानूनी हो । म यस्तो स्थितिमा परेको छैन, जहाँ म मानिसहरू लागुऔषध लिएको देखूँ ।'

# श्रीलंकाका पूर्वराष्ट्रपति राजापाक्षेले दिए अमेरिकी 'ग्रिनकार्ड'का लागि आवदेन

**काठमाडौं / एजेन्सी–** श्रीलंकाका पूर्वराष्ट्रपति गोटावाय राजापाक्षेले अमेरिकी 'ग्रिनकार्ड'का लागि आवेदन दिएका छन् । देशमा गत जुलाईमा भएको जनआन्दोलनका कारण पद र देश छाडेर भागेका गोटावायले अमेरिका बस्नेगरी आवेदन फाराम भरेका हुन् । उनले आफूसँगै श्रीमती र छोराका लागि पनि आवेदन दिएका समाचारमा उल्लेख गरिएको छ ।

श्रीलंकाको तर्फबाट रूसका लागि पूर्वराजदूत उदयाङगा विरातुंगाले उनी अमेरिका जाने तयारीमा रहेका जानकारी दिए । पूर्वराष्ट्रपति गोटावायसँग निकट मानिने विरातुंगाले थाइल्यान्ड फर्किने उनको योजना रद्द भइसकेको पनि बताए । पहिला उनले नोभेम्बरसम्म थाइल्यान्डमै बस्ने योजना बनाएका थिए ।

तर, कानुन व्यवसायीहरूसँगको परामर्शपछि उनी यही महिनाको अन्त्यमा श्रीलंका फर्किने निर्णयमा पुगेका डेलि मिररले लेखेको छ । उच्च श्रोतहरूलाई उल्लेख गर्दै लेखिएको समाचारमा गत महिनादेखि नै उनले अमेरिका जाने प्रक्रिया सुरु गरेका उल्लेख गरिएको छ । उनकी श्रीमती आइओमा राजापाक्षेले अमेरिकाको नागरिकता लिने तयारी गरेकी छिन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/०४**

**आश्रव कन्सल्टेन्ट सर्भिसेज प्रा.लि.**को मिति २०७९/०४/२७ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आश्रव सर्भिसेज प्रा.लि. (प्रा.लि. नं. २७७४४७)** कायम गर्ने गरी मिति २०७९।०४।२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/०४**

**बि.जि. क्लिनिकङ्ग एण्ड ट्रेनिङ्ग सभिसेज प्रा.लि.** को मिति २०७८/११/२९ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि.जी. कन्स्ट्रक्सन एण्ड क्लिनिङ्ग सर्भिस प्रा.लि. (प्रा. लि. नं.: २१७७७०)**, कायम गर्ने गरी मिति २०७९/०१/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगारको अवसर

१. कम्पनीः MOON MOOD CAFE TO SERVE DRINKS शहरः RIYADH

पुर्व स्वीकृत मितिः २०७९/०५/०२ | चलानी नं.: ६०१८५७४६ | L.T. No.: 269832

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः JADDARAH RECRUITMENT COMPANY शहरः DAMMAM

पुर्व स्वीकृत मितिः २०७९/०५/०१ | चलानी नं.: ६०१८५६९८ | L.T. No.: 269581

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 65 | 0 | स. काममा दक्ष | 1000 | ३३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## मलेशियामा रोजगार

Company : SIN WEE SEND IND.SDN.BHD.
City : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ | चलानी नं.: ६०१५३६३८ | L.T. No.: 235213 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ३४,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुर, कुपण्डोलमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अरोरा ह्युमेन रिसोर्स प्रा. लि.**
श्रम इजाजत नं. ७३६/०६४/०६५
कुपण्डोल-१०, ललितपुर, फोनः ०१-५२६१०६३, ५२६०८१०, फ्याक्सः ०१-५१६१०५९
E-mail: aurorashrpl@gmail.com, Web.: www.auroranepal.com Mobile: 985-1139971, 9851008157

## मलेसियामा रोजगार

कम्पनीः WIDETECH MANUFACTURING SDN BHD
शहरः Malaysia,PENANG

पूर्व स्वीकृत मितिः २०७९/०४/२३ | चलानी नं.: ६०१८४८७० | LT. No.: 268953 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 40 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ भदौ ९ गते (25 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Indo Arab Manpower Pvt. Ltd.** (Skyking Placement (P.) Ltd.)
Gov. Lic no: 764/065/066
Jawalakhel-20, Lalitpur, Tel:5439268, 5439269, Fax: 5539259
9801023474, Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com

## ZERO COST RECRUITMENT IN MALAYSIA!!
## मलेशियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौंट पस्चात)

(Company Name) : CGH INDUSTRY SDN.BHD — JALAN
रोजगारदाता कम्पनी : सिजिएच ईन्डस्ट्रिज एसडीएन. बिएचडी. — जलान

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मितिः२०७९/०४/२६ | चलानी नं.:६०१८५२०८ | एल टी नं.: २६९३०८ |
| Pre Approval Date:8/11/2022 | Consignment No.:60185208 | L.T. No.: 269308 |

| सि. नं S. N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Total No Of Demand माग संख्या Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | Monthly Basic Salary मासिक तलब NPR ने.रु. | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers औद्योगिक कामदार | 143 १४३ | 0 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | 1500 १५०० | 42,645 ४२,६४५ | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले व्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले व्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने |

CGH INDUSTRY SDN.BHD doesn't impose any Recruitment/Placement Fee for this employment.
सिजिएच ईन्डस्ट्रिज एसडीएन. बिएचडी.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

Aakarshan does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
आकर्षणको कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पक्रियमा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौ ।

Note (नोट):
* आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
* Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
* प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
* Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

Pre interview will be conducted till 27 August 2022 only in office Premises.
प्रि–अन्तर्वार्ता मिति २०७९ भदौ ११ गते मात्र मेनपावर कार्यालय परिसरमा हुनेछ ।
Final Interview will be conducted on 28 & 29 2022 in Kathmandu.
फाइनल अन्तर्वार्ता मिति २०७९ भदौ १२ र १३ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :– १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

*Aakarshan International Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
आकर्षण ईन्टरनेशनल प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल grievancereporting@aakarshannepal.org मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं ।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at grievancereporting@aakrashannepal.org, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No.: 609/062/063
Aakarshan Building, Shambhu Marga (Near Airport), Katmandu, Nepal
Email: publicrelation@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 01-4474178

मध्यान्ह
www.madhyanhadaily.com
४ भदौ २०७९, शनिबार
20 August 2022, Saturday

# सपनाबाट यथार्थतामा परिणत हुँदै पश्चिम सेती




**काठमाडौं/मस –** करिब चार दशकको प्रतिक्षापछि सुदूरपश्चिम प्रदेशको आर्थिक विकासका लागि महत्वपूर्ण मानिएको पश्चिम सेती जलविद्युत् परियोजनाले एउटा आकार लिएको छ । कहिले अष्ट्रेलियन त कहिले चिनियाँ कम्पनीले जिम्मा लिँदै, छाड्दै तथा आश्वासन देखाउँदै आएको आयोजना बिहीबारदेखि भने विकासको नयाँ चरणमा प्रवेश गरेको छ ।

नजिकैको ठूलो बजार, लगानीकर्ताको वित्तीय तथा प्राविधिक दक्षताका कारण पनि अब भने आयोजना निर्माणको चरणमा प्रवेश गर्छ भन्ने आशा बढेर गएको छ । नेपालको ऊर्जा क्षेत्रको विकासमा सहभागी हुन आएका भारतीय सरकारी कम्पनीको सकारात्मक प्रभाव पनि अरुण तेस्रो जलविद्युत् आयोजनामा देखिइसकेको अवस्थामा पश्चिम सेतीमा पनि त्यस्तै कम्पनीको प्रवेश गरेको छ । भारतको हिमालञ्चल प्रदेशलगायतमा झण्डै सात हजार तीन सय मेगावाट बराबरका आयोजना निर्माण गरिसकेको एनएचपिसीले पश्चिम सेती र सेती नदी-६ आयोजनालाई एकापसमा 'बण्डलिङ' गरेर निर्माण गर्न लागेको थियो ।

अष्ट्रेलियन कम्पनी स्मेकले नै आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिसकेको छ । त्यस्तै चिनियाँ कम्पनी थ्री गर्जेजको सहायक कम्पनी सिडब्ल्युइले पनि त्यसमा पुनः अध्ययन गरिसकेको छ । बिहीबार सम्पन्न समझदारीपत्रमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्ट र एनएचपिसीका अध्यक्ष एवं प्रबन्ध निर्देशक अभयकुमार सिंहले हस्ताक्षर गर्नुभएको थियो । सन् २०१९ मा बोर्डले आयोजना गरेको लगानी सम्मेलनका क्रममा नै एनएचपिसी र एचआइडिसीएलबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारी भएको थियो । प्रस्तावकले पश्चिम सेती जलविद्युत् परियोजना सर्वेक्षण अनुमतिपत्रका लागि हस्ताक्षर भएको मितिले ४५ दिनभित्र आवेदन गर्नुपर्नेछ । सेती-६ परियोजनाका लागि छ महिनाभित्र आवेदन गर्नुपर्ने व्यवस्था छ ।

सर्वेक्षण अनुमति पाएको दुई वर्षभित्र विस्तृत परियोजना अध्ययन गरी लगानी बोर्डमा प्रतिवेदन पेस गर्ने गरी प्रबन्ध गरिएको छ । त्यसमा परियोजनाको भौगर्भिक, प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्ष समेटिनुपर्ने भए पनि यस आयोजनाको पूर्वतयारीको सबै काम सकिएकाले त्यत्रो समय नलाग्न सक्छ । त्यस्तै परियोजनाको अनुमानित लागत, बजार सुनिश्चितता, वित्तीय स्रोत सुनिश्चिततालगायत विषय प्रतिवेदनमा समेटिएको हुनुपर्ने सम्झौता पत्रमा उल्लेख छ । परियोजना विकास सम्झौता (पिडिए)का निम्ति दुई पक्षबीच वार्ता हुने र बोर्डले सहजीकरण गर्ने छ ।

बोर्डको गत साउन २३ गते बसेको बैठकले सो आयोजना अगाडि बढाउन भारतको सरकारी कम्पनी एनएचपिसीलाई जिम्मेवारी दिएको थियो । बोर्डमा भारतीय कम्पनीले वित्तीय तथा प्राविधिक व्यवस्थापनका अलावा बजार खोज्नेसम्मको प्रस्ताव गरेको छ । जानकारहरूका अनुसार भारतको सरकारी स्वामित्वको सो कम्पनीसँग प्राविधिक समूह, वित्तीय व्यवस्थापन गर्न सक्ने हैसियत छ । सोही कम्पनीले उत्पादित बिजुली भारतीय बजारमा बिक्री गर्ने प्रस्तावसमेत गरेको छ ।

लगानी बोर्डका अनुसार सो आयोजना भारतीय कम्पनी एनएचपिसी लिमिटेडले वार्ताद्वारा कार्यान्वयनका लागि आवेदन दिएको थियो । बोर्डको ४७औं बैठकले पश्चिम सेती र सेती नदी-६ संयुक्त जलविद्युत् परियोजनाको विकास तथा लगानीको खाका तयार पार्ने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष विश्वनाथ पौडेलको संयोजकत्वमा समिति गठन गरेको थियो ।

समितिले तयार पारेको प्रतिवेदन बोर्ड बैठकमा पेश भएको थियो । समितिले आयोजनाका सम्बन्धमा पेश गरेको सिफारिससहितको प्रतिवेदन आवश्यकतानुसार कार्यान्वयन गर्दै लैजाने निर्णय भएको थियो । भारतको सरकारी स्वामित्वको कम्पनी र विशेषगरी जलविद्युत् क्षेत्रमा नै दक्षता प्रदर्शन गरेका हिसाबले पनि महत्वपूर्ण रहेकाले यो भन्दा अर्को उत्तम विकल्प अरु हुनै नसक्ने पूर्व ऊर्जासचिव अनुपकुमार उपाध्यायको भनाइ छ । विगतमा बजारको सुनिश्चितता नभएका कारणले पनि आयोजनामा सहज वातावरण बन्न सकेको थिएन । भारतीय कम्पनीको प्रवेशपछि त्यस विषयमा रहेको चिन्ताको समेत समाधान भएको छ ।

विसं २०७५ भदौमा चिनियाँ कम्पनी थ्री गर्जेजले हात झिक्दै गर्दा पनि सोही कारण देखाएको थियो । आयोजनामा सम्बद्ध अधिकारीका अनुसार २०४६ भदौदेखि आयोजनाको विस्तृत परियोजना प्रतिवेदन बनाउन लागिपरेको अष्ट्रेलियन कम्पनी स्मेक (स्नोइ माउन्टेन इन्जीनियरिङ कर्पोरेशन)ले २०४९ सालमा प्रतिवेदन बुझाएको थियो ।

निर्माण, स्वामित्व ग्रहण, सञ्चालन र हस्तान्तरण (बुट) मोडलमा आयोजना निर्माण गर्ने भनेर स्मेकले गरेको सम्झौता कहिल्यै कार्यान्वयन भएन । आयोजना बनाउँछौं भन्दाभन्दै स्मेकले १८ वर्षसम्म आयोजना होल्डमात्रै गऱ्यो । अति भएपछि सरकारले आयोजनाको स्वामित्व २०६८ मा आफैं लियो । स्मेक बाहिरिएको केही समय बित्न नपाउँदै २०६८ सालमा चिनियाँ कम्पनी थ्री गर्जेजको सहायक कम्पनी सिडब्ल्युइ इन्भेष्टमेन्ट कर्पोरेशनलाई दिइयो । चिनियाँ कम्पनी आफैंमा २२ हजार पाँच सय मेगावाट क्षमताको थ्री गर्जेज जलविद्युत् आयोजना नै निर्माण गरेको चिनियाँ कम्पनीले आयोजना अगाडि बढाउनेमा आम नेपाली ढुक्क थिए ।

चिनियाँ कम्पनीको ७५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २५ प्रतिशत बराबरको शेयर स्वामित्व रहने गरी संयुक्त कम्पनी स्थापना गर्ने सहमति भएको थियो । कुल एक खर्ब ८० अर्ब लागत रहने भनिएको सो आयोजनामा एक खर्ब ५० अर्ब वैदेशिक ऋणसमेत ल्याउने सहमति भएको थियो । निर्माण अवधि सात वर्ष हुने भनिएको आयोजना भने त्यति समय नै चिनियाँ कम्पनीले होल्ड गरेर राख्यो ।

अन्त्यमा बिजुलीको बजार नभएको, पुनःबास तथा पुनःस्थापनाका विषयमा कुरा नमिलेको, प्रसारण लाइन निर्माण कसले गर्ने भन्नेबारेमा कुनै सहमति हुन नसकेकोजस्ता कारण देखाएर चिनियाँ कम्पनीले हात झिक्यो ।

यही गत जेठ १५ गते सार्वजनिक भएको सरकारको आगामी आर्थिक वर्षको बजेटमा समेत आयोजनाका बारेमा स्पष्टसँग बोलिएको छ । त्यस आधारमा पनि अब आयोजना कुनै न कुनै रूपमा अगाडि बढ्छ भन्ने विश्वास बढेर गएको थियो । सेती नदी बझाङमा पर्ने साइपाल हिमालबाट उत्पत्ति भएर बैतडी, डडेलधुरा र डोटी हुँदै अछाममा पुगेपछि कर्णालीमा मिसिन्छ । सोही नदीमा ती आयोजना निर्माण हुन्छन् । ती दुई आयोजनाबाट नेपालले बढीभन्दा बढी ऊर्जा र लाभ लिनेतर्फ लागेर निर्माणमा सहजीकरण गर्नु नै अबको उपयुक्त विकल्प हुने जानकार बताउँछन् ।

# अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण शुरु

**काठमाडौं/रासस –** विहारको मोतिहारीदेखि अमलेखगञ्जसम्म पाइपलाइनबाट पेट्रोल आयात गर्ने दोस्रो चरणको परियोजनाअन्तर्गत पूर्वाधार निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । दोस्रो चरणको कार्यअन्तर्गत आइओसीको प्राविधिक सहयोगमा अमलेखगञ्ज डिपोको हाताभित्र पेट्रोल भण्डारण गृह (ट्यांक) निर्माण शुरु भएको हो ।



मोतिहारीबाट पाइपलाइनमार्फत डिजेल आयात गर्ने पहिलो चरणको परियोजना सम्पन्न भएपछि पाइपलाइनबाट पेट्रोल आयात गर्न दोस्रो चरणको कार्य शुरु भएको नेपाल आयल निगमको अमलेशगञ्ज डिपोले जनाएको छ । मोतिहारीदेखि अमलेशगञ्ज ७६ किमीको दूरी रहेको छ । नेपाल र भारतबीच भएको सम्झौताअनुसार दोस्रो चरणको कार्य इन्डियन आयल कर्पोरेशन (आइओसी)ले गर्ने बताइएको छ ।

उक्त पूर्वाधार निर्माण गर्न एक अर्ब ३० करोड लागत लाग्ने अनुमान रहेको डिपोका प्रमुख प्रदीप यादवले जानकारी दिए । भण्डारण गृह निर्माण नभएका कारण पाइपलाइनबाट पेट्रोल ल्याउन नसकिएको उनले भने । उक्त परियोजनाअन्तर्गत पहिलो चरणको २०७६ भदौ २४ गते सम्पन्न कार्यबाट पाइपलाइनबाट डिजेल आयात गर्न सुरु भएको बताइएको छ । दोस्रो चरणअन्तर्गत अमलेखगञ्जमा पेट्रोल भण्डारण गर्न चार हजार एक सय किलोलिटर क्षमताका दुई ट्यांकी निर्माण भइरहेको छ । साथै डिजेल र पेट्रोलको गुणस्तर परीक्षण गर्न प्रयोगशाला र आधुनिक प्रविधिसहित ट्यांकर लोड र अनलोड गर्न २४ वटा लोडिङ फिलिङसेट निर्माण गर्न लागिएको हो ।

यो प्रणालीबाट लोड अनलोड गर्दा आगलागीको जोखिम कम हुन्छ । पेट्रोल चोरी र ढुवानीको समस्या हट्ने विश्वास लिइएको छ । त्यस्तै मोतिहारीमा पनि पेट्रोल भण्डारणगृह निर्माण भइरहेको छ । विगतमा रक्सौलबाट अमलेखगञ्जसम्म ३५ किमीको दूरीमा ट्याङ्करमार्फत पेट्रोलियम पदार्थअन्तर्गत पेट्रोल र डिजल आयात भइरहेको थियो । हाल पाइपलाइनबाट प्रतिघण्टा दुई सय ५० किलोलिटरका दरले डिजेल आयात भइरहेको बताइएको छ ।

पहिलो चरणको परियोजनामा पाइपलाइनमार्फत डिजल आयात गर्न नेपाल आयल निगम र आइओसीको संयुक्त लगानीमा मोतिहारीदेखि अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निमार्णको काम रु दुई अर्ब ७५ करोड भारतीय रुपैयाँमा सम्पन्न भएको थियो । अमलेखगजञ्मा हाल १९ हजार किलोलिटर क्षमताको डिजेल र दुई हजार एक सय किलोलिटर पेट्रोल भण्डारण गर्ने क्षमता छ । बजारको मागअनुसार पाइपलाइनमार्फत डिजेल आयात भइरहेको छ । उक्त पाइपलाइनबाट आयात गरिएको डिजेल वीरगञ्ज, जनकपुर अमलेखगञ्ज, काठमाडौं, पोखरा, चितवनलगायत जिल्लामा बिक्री वितरणका लागि पठाउने गरिएको छ ।

नेपालका तर्फबाट तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री सुनिलबहादुर थापा र भारतका तर्फबाट प्राकृतिक ग्यासमन्त्री धर्मेन्द्र प्रधानबीच २०७२ साल भदौ ७ गते पेटोलियम पाइपलाइन परियोजना निर्माण गर्नका लागि सम्झौता भएको थियो । आगामी सन् २०२४ जनवरीमा पूर्वाधार निर्माण सकेर पाइपलाइनबाट पेट्रोल आयात गर्ने आयल निगमको लक्ष्य रहेको अमलेखगञ्ज डिपोले जनाएको छ ।

# कुमारी बैंकले आश्वा शुल्क नलिने

**काठमाडौं/मस –** कुमारी बैंकबाट प्राथमिक सेयरमा आवेदन दिँदा आश्वा शुल्क नलाग्ने भएको छ । बैंकले भदौ १ गतेदेखि लागू हुने गरी सम्पूर्ण खाताहरुमा सीआश्वा आवेदन शुल्क नलाग्ने व्यवस्था गरेको हो । यससँगै लगानीकर्ताले बैंकको कुनै पनि खाताबाट प्राथमिक सेयर, हकप्रद लगायतका विभिन्न धितोपत्रमा आवदेन दिँदा कुनै पनि शुल्क तिर्नुपर्दैन ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

ग्राहकहरुको हित तथा पुँजीबजारमा जनमानसको बढ्दो सक्रियतालाई मध्यनजर गर्दै कुमारी बैंकले सो छुट ल्याएको हो । यसबाट नयाँ लगानीकर्ता, युवा, विद्यार्थी लगायत कुमारी बैंकका सम्पूर्ण खातावालाहरुलाई विशेष लाभ प्राप्त हुने विश्वास गरिएको छ ।

बैंकले हाल १९७ शाखा, १९१ एटीएम, ४९ शाखारहित बैंकिङ इकाई तथा २४ एक्टेन्सन काउन्टर मार्फत अत्याधुनिक वित्तीय सेवा सुविधा दिँदै आएको छ । साथै, आगामी दिनमा पनि थप प्रभावकारी तथा ग्राहकमुखी सेवा विस्तार गर्दै जाने बैंकको प्रतिवद्धता छ ।

# रामदेव तेलद्वारा चाडपर्व उत्सव योजना सार्वजनिक




**काठमाडौं/मस –** गणपति वनस्पति प्रालिद्वारा उत्पादन गरी बिक्रीवितरण गर्दै आइरहेको रामदेव तेलले अब सुरु हुन लागेको नेपालीको महान चाड तीजदेखि छठ पर्वसम्मका लागि चाडपर्वको बहार हरेक हप्ता आकर्षक उपहार योजना सार्वजनिक गरको छ ।

यस योजनाअनुसार यो डिजिटल मिडिया फेसबुकमार्फत हुने प्रतिस्पर्धामा जोसुकैले पनि भाग लिन सक्ने तथा हरेक हप्ता २ जना विजेतालाई लक्कीड्रमार्फत पुरस्कार वितरण गरिने कम्पनीले जनाएको छ । जसअन्तर्गत प्रत्येक बिहीबार विजेता घोषण फेसबुकमार्फत हुने र प्रत्येक शुक्रबार पुरस्कार वितरण गरिनेछ । लक्की ड्रमार्फत विजयीहरुलाई हरेक हप्ता आइरन र रामदेव सनफलावर तेल पुरस्कार दिइने कम्पनीले जनाएको छ ।

गणपति वनस्पतिद्वारा उत्पादित रामदेव तोरीको तेल, सूर्यमुखी तेल र भटमासको तेल काठमाण्डौ र पोखरामा विभिन्न मार्ट तथा पसलबाट खरिद गर्न सकिने कम्पनीले जनाएको छ ।

# गरिमा क्यापिटलको सीइओमा निर्मल भट्टराई



**काठमाडौं/मस –** गरिमा क्यापिटलको प्रमुख कार्यकारी अधिकृतमा निर्मल भट्टराई नियुक्त भएका छन । भट्टराईले भारतबाट चाटर्ड एकाउन्टेन्सी (सीए) गरेका छन् ।

गरिमा क्यापिटलको स्थापनाकाल देखि विभिन्न ओहदामा रहेर कार्यसम्पादन गर्दै आएका भट्टराई यसअघि कम्पनीको निमित्त प्रमुख कार्यकारी अधिकृत थिए । गरिमा क्यापिटल लिमिटेड नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर हो ।

# नेशनल लाइफका बीमितले ६३ देखि ८५ रुपैयाँसम्म बोनस पाउने

**काठमाडौं/मस –** नेशनल लाइफ इन्स्योरेन्स कम्पनीले आर्थिक वर्ष २०७७/७८ को लागि नयाँ बोनसदर घोषणा गरेको छ । कम्पनीको आर्थिक वर्ष २०७७/२०७८ को आर्थिक लेखाजोखा र दायित्वको मुल्याङकन सम्बन्धी बीमाङकीय प्रतिवेदन बीमा समिति बाट स्वीकृत भई बीमालेखहरुमा उक्त बोनसदर कायम हुने गरी सार्वजनिक गरेको हो । कम्पनीले जारी गरेको विभिन्न पोलिसीमा न्युनतम ६३ रुपैयाँदेखि अधिकतम ८५ रुपैयाँसम्म बोनसदर कायम गरेको छ ।

सावाधिक जीवन बीमालेखमा कम्पनीले न्युनतम ६४ रुपैयाँदेखि अधिकतम ८५ रुपैयाँसम्म बोनस दिने घोषणा गरेको छ । कम्पनीले ० देखि ९ वर्ष अवधिसम्मको लागि ६४ रुपैयाँ, १० देखि १४ वर्ष अवधिसम्मको लागि प्रतिहजार ६४ रुपैयाँ बोनसदर निर्धारण गरेको छ । १५ देखि २० वर्ष अवधिको लागि प्रति हजार ६४ रुपैयाँ, २१ देखि २५ वर्ष अवधिको लागि प्रति हजार ७० रुपैयाँ, २६ वर्षदेखि २९ वर्षसम्मको लागि ८५ रुपैयाँ र ३० वर्ष वा सोभन्दा माथि अवधिको लागि पनि कम्पनीले ८५ रुपैयाँ बोनसदर दिने घोषणा गरेको छ ।

नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED

सावधिक जीवन बीमालेखको हकमा कम्पनीले न्युनतम ६४ रुपैयाँदेखि ८५ रुपैयाँसम्म बोनस दिने घोषणा गरेको छ । यस बीमालेखमा कम्पनीले ० देखि ९ वर्ष अवधिको लागि प्रति हजार ६४ रुपैयाँ, १० देखि १४ वर्ष अवधिसम्मको लागि प्रति हजार ६४ रुपैयाँ,१५ देखि २० वर्ष अवधिसम्मको लागि ६४ रुपैयाँ, २१ देखि २६ वर्ष अवधिसम्मको लागि ७० रुपैयाँ र २६ वा सोभन्दा माथि अवधिका लागि प्रति हजार ८५ रुपैयाँसम्म बोनसदर कायम गरेको छ । कम्पनीले १५ देखि २० वर्ष अवधिको यस बीमालेख ७६ हजार ९४३ वटा बिक्री गरेको छ । यस अवधिमा बीमितले प्रतिहजार ६४ रुपैयाँ बोनस प्राप्त गर्ने छन् ।

अग्रिम भुक्तानी सावधिक जीवन बीमालेखको हकमा कम्पनीले न्युनतम ६३ रुपैयाँदेखि ६४ रुपैयाँसम्म बोनस दिने घोषणा गरेको छ । यस बीमालेखमा कम्पनीले ० देखि ९ वर्ष अवधिको लागि प्रति हजार ६३ रुपैयाँ, १० देखि १४ वर्ष अवधिसम्मको लागि प्रति हजार ६३ रुपैयाँ,१५ देखि १९ वर्ष अवधिसम्मको लागि ६४ रुपैयाँ, २० देखि २५ वर्ष अवधिका लागि प्रति हजार ६४ रुपैयाँसम्म बोनसदर कायम गरेको छ ।

# भूमिहीनले असोज पहिलो सातासम्म निवेदन दिनुपर्ने

**काठमाडौं/मस –** राष्ट्रिय भूमि आयोग खोटाङले भूमिहीन र अव्यवस्थित बसोबासीलाई भूमि प्राप्तिका लागि असोज ४ गतेभित्र निवेदन दिन आग्रह गरेको छ । जिल्लाका १० वटै स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई आयोगले सम्बन्धित वडा कार्यालयमा निवेदन दिन भनेको हो ।

आयोगको केन्द्रीय कार्यालयले सूचना प्रकाशन गरेसँगै जिल्लाका भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई भूमि प्राप्तिका लागि निवेदन दिन आग्रह गरिएको भूमि आयोगका जिल्ला अध्यक्ष सुरेश राईले बताए । 'नेपालका कुनै पनि ठाउँमा आफ्नो नाममा जग्गा नभएको र अङ्श पाउने अवस्था नरहेका व्यक्तिले सम्बन्धित वडा कार्यालयमा गएर रातो फारम भर्नुपर्छ,' उनले भने, 'जमिनमा आवास निर्माणसँगै भोगचलन गर्दै आएको छ तर, उक्त जमिन सरकारी तथा ऐलानी रहेका अव्यवस्थित बसोबासीले सेतो फारम भर्नुपर्ने व्यवस्था छ ।'

आयोगको केन्द्रीय कार्यालयबाट सूचना प्रकाशन भएको मिति भदौ १ गतेदेखि ३५ दिनभित्रमा जिल्लामा निवेदन संकलन हुने जनाइएको छ । जिल्लाका १० वटै स्थानीय तहबाट निवेदन संकलन गरेपश्चात दाबी-विरोधका लागि सात दिनको सूचना वडाले निकाल्ने अध्यक्ष राईले बताए । निवेदन संकलनसँगै दाबी-विरोध आएको अवस्थामा वडा र पालिका सहजीकरण समितिले समाधान गर्नेछ ।

"आज हुने काम आजै गरौ, सेवा ग्राहीको असहजतालाई मनन् राखौं"

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मेहलमुडी, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

**सान्नी त्रिवेणी गाउँबासीहरुलाई जानकारीमूलक सन्देश**

**बाढी पहिरोको जोखिमबाट बच्ने र बचाउने उपायहरू**

**बाढी पहिरोको बेला निम्न कुराहरुमा ध्यान दिऔं:**

क) ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
ख) मोबाइल फोन नियमित चार्ज गरेर राखौं ।
ग) रेडियो र टेलिभिजनबाट आउने वर्षा र बाढी/पहिरो सम्बन्धि खबर/सन्देश ध्यान दिएर सुनौं ।
घ) पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
ङ) ठूलो पानी परिरहे जोखिम युक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।
च) घर भत्किएर जनधनको क्षती हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।
छ) समूहमा बस्नुपर्छ किनभने विपतको बेलामा समूहमा बस्दा एकअर्कालाई सहयोग गर्न सजिलो हुन्छ । सम्भव भएसम्म सञ्चार माध्यम र सूचना प्रवाह गर्ने निकायसँग नियमित सम्पर्कमा बसौं । यसले उद्धार तथा राहत वितरणमा सहज हुन्छ ।
ज) देशैभरि मनसुन सक्रिय रहेकाले बाढी, डुबान र पहिरोको जोखिमयुक्त स्थानमा सावधानी अपनाऔं ।
झ) उच्च जोखिममा रहेका बस्तीहरू पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गरौं ।
ञ) आपतकालीन आत्यावश्यक सामग्री (जस्तैः खानेकुरा, कपडा, औषधि, पानी)हरूको जोहो गरी सुरक्षित स्थानमा राखौं ।
ट) बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।

# यु-१९ विश्वकपको रोडम्याप सार्वजनिक



**काठमाडौं/मस-** अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) दुई वर्षपछि हुने यु-१९ विश्वकप क्रिकेटका लागि रोडम्याप सार्वजनिक गरेको छ। १६ टिम सहभागी हुने विश्वकपमा ५ टिम छनोट प्रतियोगिताबाट छानिनेछन्।

आयोजनाको स्थल तय नभएको यस विश्वकपमा १६ मुलुकले सहभागिता जनाउने छन्। प्रतियोगितामा सहभागी १६ टिममध्ये ११ टिम छनोट भइसकेका छन्। बाँकी ५ टोली भने छनोटबाट आउने छन्।

यू-१९ विश्वकपमा आईसीसीका १२ पूर्ण सदस्य मध्ये ११ राष्ट्र सिधै छनोट हुने व्यवस्था छ। २०२० मा वेष्ट इन्डिजमा भएको यू-१९ विश्वकपमा शीर्ष एघारमा रहेका भारत, इंग्ल्याण्ड, अष्ट्रेलिया, अफगानिस्तान, पाकिस्तान, श्रीलंका, दक्षिण अफ्रिका, बंगलादेश, वेष्टइन्डिज, आयरल्याण्ड, जिम्बावे सिधै २०२४ को विश्वकपमा छनोट भइसकेका छन्।

छनोट प्रतियोगिताबाट एसिया, अफ्रिका, युरोप, अमेरिका र इस्ट एसिया प्यासिफिकबाट एक-एक टिम छानिनेछन्। विश्वकप खेल्नका लागि नेपालले ६ टिम सम्मिलित एसिया क्षेत्रको छनोट प्रतियोगिता डिभिजन वान जित्नुपर्नेछ। यस डिभिजन वानमा डिभिजन टूबाट आएका २ टोली सहित ६ टोली रहने छन्।

डिभिजन टूमा बहराइन, भुटान, साउदी अरब, ओमान, कतार, हङकङ, सिङ्गापुर र थाइल्याण्ड रहेका छन्। यी आठ टिमबाट शीर्ष दुईमा रहने टिमले डिभिजन वानमा रहेका टिमसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। डिभिजन वानमा नेपाल, यूएई, मलेसिया र कुवेत रहेका छन्। ६ टोली रहने एसिया डिभिजन वान जितेमा नेपालले विश्वकपमा स्थान बनाउने छ।

सन् २०१६ पछि नेपालले ३ संस्करणको विश्वकप खेलेको छैन। नेपालले हालसम्म ७ पटक विश्वकपमा सहभागिता जनाइसकेको छ। सन् २०२२ मा भएको यू-१९ विश्वकपमा छनोट प्रतियोगिता नहुँदा नेपालले विश्वकपमा पुग्ने अवसर गुमाएको थियो।

कोभिड-१९ महामारीका कारण आईसीसीले अमेरिका, एसिया र इस्ट एसिया प्यासिफिक क्षेत्रको छनोट प्रतियोगिता रद्द गरेपछि नेपाल अभागी बनेको थियो। पछिल्लो पाँच छनोट प्रतियोगिता गरेको प्रदर्शनका आधारमा आईसीसीले सिधै टिम छान्दा त्यसबेला युएई भाग्यमानी बन्दै विश्वकपमा छनोट भएको थियो।

नेपालले पछिल्लो पटक सन् २०१६ मा बंगलादेशमा भएको यू-१९ विश्वकप खेलेको थियो भने २०१८ र २०२० मा पनि छनोट हुन सकेन। सन् १९८८ देखि सुरु भएको यू-१९ विश्वकपमा नेपालले अहिलेसम्म ७ पटक प्रतिस्पर्धा गरिसकेको छ। जसमा नेपालको राम्रो इतिहास पनि छ। यू-१९ विश्वकपमा नेपालले टेष्ट राष्ट्रहरुलाई समेत पराजित गरेको थियो भने सन् २००६ मा प्लेट च्याम्पियनसिपको उपाधि नै जितेको थियो।

# पृथ्वी र ग्रिनल्यान्डको विजयी शुरुवात




**काठमाडौं/मस-** आयोजक ग्रिनल्यान्ड र पृथ्वीले १५ औं क्विक्स/ग्रिनल्यान्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको गर्ल्समा शुक्रबार विजयी शुरुवात गरेका छन्।

ग्रिनल्यान्डले फेरिल्यान्डलाई २०-१२ ले पराजित गर्‍यो। ग्रिनल्यान्डको जितमा जेनिशा श्रेष्ठले ७ अंक योगदान गरिन्। बबिता घिमिरेको ९ अंक सहयोगमा पृथ्वीले लालीगुराँस नेसनल एकेडेमीलाई २०-१० ले हरायो।

सिनियर ब्वाइजमा टीआईएले फेरिल्यान्डलाई २९-१८, सेन्ट जोसेफले स्कोलर्स होमलाई ३८-१० र गोल्डेनपिकले पृथ्वीलाई ३३-१७ ले हराए। टीआईएका स्वीकृत अधिकारीले १३, सेन्ट जोसेफका निकेश तामाङले १२ र गोल्डेनपिकका दिनेश रपालले १३ अंक जोडे। धापासीस्थित आफ्नै कोर्टमा भइरहेको प्रतियोगिताको जुनियर ब्वाइजमा गोल्डेनपिकले स्कोलर्स होमलाई १७-८, लालीगुराँसले ग्रिनल्यान्डलाई १९-११ र बसुन्धारा नेसनल एकेडेमी (बीएनए) ले ओडिसीलाई २३-१३ ले पन्छाए। गोल्डेनपिकका डायमन्ड राईले ९ तथा बीएनएका सेशाङ गुरुङले ९ स्कोर गरे।

प्रतियोगिताको प्याब्सनका केन्द्रीय उपाध्यक्ष समेत रहेका ग्रिनल्यान्डका प्राचार्य थकिनकुमार गुरुङ र ग्रिनल्यान्डका भाइस प्रिन्सिपल विनोद घिमिरेले संयुक्त रुपमा एक कार्यक्रमबीच उद्घाटन गरे।

# मलेसियामा नेपाललाई एक स्वर्ण र तीन रजत



**काठमाडौं/मस-** मलेसियामा आयोजना भएको सरावाक बोर्नियो कप इन्टरनेसनल तेक्वान्दो च्याम्पियनसिपमा नेपालले एक स्वर्ण र तीन रजत पदक जितेको छ। शुक्रबारदेखि शुरु भएको च्याम्पियनसिपमा नेपालकी रेखमाया गुरुङले स्वर्ण पदक जितेकी हुन्।

उनले महिला ३० देखि ४० वर्ष उमेर समूहको पुम्सेमा स्वर्ण जितेकी हुन्। उनको समूहमा इन्डोनेसिया, मलेसिया, जापान, भियतनाम, ब्रुनाई, अस्ट्रेलिया र लाओसका ११ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। पहिलो चरणको प्रतिस्पर्धाबाट आठ जना खेलाडी फाइनल प्रतिस्पर्धाका लागि छनोट भएका थिए। फाइनलमा रेखमायाले ७.७७ अंक ल्याउँदै स्वर्ण जितेकी हुन्। दोस्रो स्थानमा रहेकी मलेसियाकी खेलाडीले ७.६५ र तेस्रो स्थान हात पारेका इन्डोनेसियाकी खेलाडीले ७.०५ तथा मलेसियाकी खेलाडीले ६.५९ अंक ल्याएको नेपाल तेक्वान्दो संघका केन्द्रीय सदस्य एवं जुनियर राष्ट्रिय टिम तयारी उपसमितिका संयोजक कुमार लामा घिसिङले जानकारी दिए। यसैगरी महिलाकै १८ देखि ३० वर्षको समूहमा सन्दीपा अमगाईंले रजत पदक जितिन्। उनको समूहमा पनि विभिन्न देशका ११ खेलाडीबीच प्रतिस्पर्धा भएको थियो। ११ मध्ये फाइनल चरणका लागि आठ खेलाडी छनोट गरिएको थियो। मलेसियन खेलाडीले ८.०३ अंक ल्याउँदै स्वर्ण जित्दा सन्दीपाले ७.४० अंकका साथ रजत पदक पक्का गरेकी थिइन्। भियतनामकी खेलाडीले ६.५९ र मलेसियन खेलाडीले ६.०० अंक ल्याउँदै कांस्य पदक जितेका थिए।

यही उमेर समूहको पुरुषतर्फ मोहमद उमर खानले पनि रजत पदक जिते। सात जनाले प्रतिस्पर्धा गरेको यस समूहमा फाइनल चरणमा पाँच खेलाडी छनोट भएका थिए। उनीहरुमध्ये मलेसियाका खेलाडीले ७.७७ अंकका साथ स्वर्ण जिते। खानले ७.४९ अंक ल्याएका थिए। तेस्रो स्थान हात पारेका मलेसियन खेलाडीले ७.३९ र ७.२३ अंक ल्याएका थिए।

यसैगरी पुरुषको ४० देखि ५० वर्ष उमेर समूहमा रोशन खानले पनि रजत पदक पक्का गरेका थिए। सात जना सहभागी यस समूहमा फाइनल चरणका लागि पाँच खेलाडी छनोट गरिएको थियो। फाइनलमा रोशनले ५.०७ अंक ल्याउँदै रजत पदक पक्का गरेका हुन्। ६.०५ अंक ल्याएका मलेसियन खेलाडीले स्वर्ण जित्दा ५.०५ अंक जोडेका इन्डोनेसिया र ५.०३ अंक ल्याएका मलेसियाका खेलाडीले कास्य पदक जिते।

च्याम्पियनसिपमा शनिबारदेखि ग्योरोगी शुरु हुने तेक्वान्दो संघका केन्द्रीय सदस्य कुमार लामा घिसिङले जानकारी दिए। मलेसियापछि नेपाली खेलाडीले भियतनाममा हुने ११औं एसियन जुनियर तेक्वान्दो च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने छन्। जुनियर तेक्वान्दो च्याम्पियनसिप अगस्ट २५ देखि २७ तारिखसम्म आयोजना हुँदैछ।

## राहदानी हरायो

मिति २०७९/०४/२६ गते सामाखुशीबाट कपन सम्म जाँदा मेरो निम्न व्यहोरा भएको मलेसियाको भिषा लागेको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

नामः केशब दमाई
ठेगानाः डडेलधुरा
राहदानी नं.: ०९४४२३६८
मो.नं.: ९८०१०८१७४८

## मलेसियामा रोजगारको अवसर

कम्पनी: SYARIKAT KAWALAN SERI PADANG SDN BHD
शहर: SELENGOR

पूर्व स्वीकृत मितिः २०७६/०८/११ | चलानी नं.: ६०१४७१३१ | LT. No.: 228022 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 20 | 0 | स. काममा दक्ष | 1100 | ३१,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4111221 Mobile: 9860654179
Email: internationalhr1084@gmail.com, Web.: www.internationalhr.com.np
श्रम ई. पत्र नं. १०८४/०७३/०७४

## साउदीमा रोजगार

कम्पनी : ABDULLAH OTHMAN H. AL GHAMDI FARM
शहर: RIYADH

पूर्व स्वीकृति मिति: २०७८/१२/१ | चलानी नं.: ६०१७५९४८ | LT. No.: 259297 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Labors | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

**कोशी ईन्टरनेशनल सर्भिसेज् प्रा. लि.**
फुर्तिमान मार्ग, विशालनगर- ४, काठमाडौं, नेपाल, फोन: ४४२३६०३, ४४२३६०४
मो.: ९८५१०७४०१५, ९८५१०२२७३९, ९८५१२४१४१६, ९८४१८७८५१५
श्रम इजाजत नं. ४९८/०६१/०६२

## कुवेतमा रोजगारको अवसर

कम्पनी : PINNACLE GROUP COMPANY
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७८/०९/११ | चलानी नं.: ६०१७१२५३ | LT. No.:254521 | पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 30 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६६,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 5 | 0 | | 100 | ४१,४३३ | | | | | | | |
| 3. | Restaurant Worker/cleaner | 5 | 0 | | 120 | ४९,७१९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.**
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np
श्रम इजाजत नं.: १२५/०५५/०५६
Certificate No.:15956

## वाईनस वाईन प्रा. लि.

टूकुचा काभ्रे

**मूल्य सूची**

यस उद्योगद्वारा उत्पादित निम्नलिखित वाइनहरु मिति २०७९/०५/१२ गतेदेखि निम्न मूल्यमा विक्री वितरण गरिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मूल्यमा मू.अ. कर समेत समावेश गरिएको छ।

| ब्राण्डको नाम | अल्कोहल प्रतिशत | मि. लि. | नेशनल डिष्ट्रिव्युटर मूल्य | नेशनल डिष्ट्रिव्युटर कमिशन | क्षेत्रिय डिष्ट्रिव्युटर मूल्य | क्षेत्रिय डिष्ट्रिव्युटर कमिशन | डिष्ट्रिव्युटर मूल्य | डिष्ट्रिव्युटर कमिशन | होलसेलर मूल्य | होलसेलर कमिशन | रिटेलर्स मूल्य | रिटेलर्स कमिशन | उपभोक्ता मुल्य प्रति कार्टुन | उपभोक्ता मुल्य बोतल/पाउच |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Saipal Sweet Red/White | १० | ७५० | ७५९१.१७ | ५३१.३९ | ८१२२.५६ | ६४९.८० | ८७७२.३६ | ५२६.३४ | ९२९८.७० | ४६४.९४ | ९७६३.६४ | ९७६.३६ | १०७४० | ८९५ |
| Swastik Sweet Red/White | ११.५ | ७५० | ६८८०.५३ | ३४४.०३ | ७२२४.५६ | ५७७.९७ | ७८०२.५३ | ४६८.१५ | ८२७०.६८ | ४१३.५३ | ८६८४.२१ | १२१५.७९ | ९९०० | ८२५ |
| Nashla Sweet Red/ White | ११.५ | ७५० | ६७८५.४१ | ४७४.९७ | ७२६०.३८ | ५८०.८४ | ७८४१.२२ | ४७०.४७ | ८३११.६९ | ४१५.५८ | ८७२७.२७ | ८७२.२३ | ९६०० | ८०० |
| Saipal Sweet Red/White 4Ltr Box Wine | १० | ४००० | १११८१.७८ | ७८२.७३ | ११९६४.५१ | ९५७.१६ | १२९२१.६७ | ७७५.३० | १३६९६.९७ | ६८४.८५ | १४३८१.८२ | १४३८.१८ | १५८२० | ३९५५ |
| Swastik Sweet Red/White 4Ltr Box Wine | ११.५ | ४००० | १००५०.७८ | ७०३.५६ | १०७५४.४४ | ८६०.३६ | ११६१४.८० | ६९६.८९ | १२३११.६९ | ६१५.५८ | १२९२७.२७ | १२९२.७३ | १४२२० | ३५५५ |

## मलेसियामा रोजगार

१. कम्पनीः NEW SYSTEM METAL SDN. BHD.
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०५/०२ | चलानी नं.: ६०१८५७५० | LT. No.: 269772

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WOREKR | 170 | 30 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः SLX AGRICULTURE PRODUCTS SDN BHD. शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०५/०२ | चलानी नं.: ६०१८५७५१ | LT. No.: 269279

| | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | FACTORY WORKER | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**TILICHO OVERSEASE PVT. LTD.**
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com
Gov. Lic No. 1234/074/075

## साउदीमा रोजगारको अवसर

कम्पनी : TECHNO DOG CAR MAINTENANCE EST
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७९/०५/०२ | चलानी नं.:६०१८५७४२ | LT. No.:269847

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Mechanic | 1 | 0 | स. काममा दक्ष | 1500 | ५०,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Pritam Employment Pvt.Ltd.**
Sinamangal-9, Kathmandu (In Front of Airport Gate )
Tel No: + 9771-4112782 | Email: pritamemployment2018@gmail.com
Govt. Lic. No.: 1468/074/75

## मलेसियामा रोजगार

कम्पनी : BUMI HIJJAZ SDN BHD
शहर: Johor

पूर्व स्वीकृत मितिः २०७९/०३/२६ | चलानी नं.: ६०१८५७४९ | LT. No.: 269281

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 31 | 0 | स. काममा दक्ष | 1500 | ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**संयोग ओभरसिज प्रा. लि.**
तिनकुने, काठमाडौं ,नेपाल,फोन: ४११२३९८, ४११२३९९, फ्याक्स:४११२३९९
Email: samyogoverseas@hotmail.com, Web: www.samyogoverseas.com
श्रम इजाजत पत्र नं. ९७६/०६७/०६८

## साउदीमा रोजगार

कम्पनी: ENJAZ ELITE RESOURCES HOLDING COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०४/३० | चलानी नं.: ६०१८५७४४ | LT. No.:269582

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 25 | 0 | स. काममा दक्ष | 1200 | ४०,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ११ गते (27 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.**
पो.ब.नं.: २३४८९, रिङ्गरोड बसुन्धारा-३, काठमाडौं । फोन नं.: ०१-४९८७६०२, ४९८७६०३,
Mobile: 9806930601,9841996571,9841996572,9841996573
Email : Info@trivenioverseas.com, trivenioverseas.nepal@gmail.com Web:www.trivenioverseas.com
Govt. Lic. No.: 341/059/060

# बक्स अफिस समाचार

## ‘प्रतिभावान धेरै कलाकार ओझेलमा पनि परेका छन्’

गायन क्षेत्रमा आफूलाई अग्रपंक्तिमा राखेर आफ्ना प्रस्तुतिमार्फत धेरैको तारिफ बटुल्न सफल छन् कीर्ति तमाङ । नुवाकोटको म्यागङ गाउँपालिका-२ बुङताङ बर्चेत स्थायी घर भई काठमाडौंलाई कर्मथलो बनाएर उनले आफ्ना सिर्जना श्रोता/दर्शकमाझ पुऱ्याइरहेका छन् । बुबा कालीबहादुर तामाङ र माता ल्हजा तामाङका नौ सन्तानमध्ये कान्छा कीर्ति गाउँमै एसएलसी सम्मको अध्ययन पश्चात प्लस टुको अध्ययन लागि काठमाडौं आए । उनले क्याम्ब्रिज कलेजबाट प्लस टु गरे भने पब्लिक युथ क्याम्पसबाट ब्यचलरसम्मको अध्ययन गरेका छन् । गीतसंगीततर्फ आफ्नो सानैदेखिको रुची भए पनि परिवारको सर्पोट भने खासै नभएपछि जुनुनका कारण यो क्षेत्रमा आएको र सफल भएको दाबी गर्छन्, उनी । संगीतको औपचारिक शिक्षा लिएर यस क्षेत्रमा आएका उनले भारतको इलाहावादबाट शास्त्रीय संगीतमा स्नातकसम्मको अध्ययन गरेका छन् । २०५९ सालदेखि निरन्तर गीतसंगीतमा रहेका उनले ‘नम्बरी सुन’ पहिलो गीत रेकर्ड गराएका थिए । त्यसयता उनले थुप्रै गीतमा स्वर दिएका छन् र लोकप्रिय पनि रहेका छन् । तामाङले नेपाली र तामाङ गीतमा आफ्नो स्वर दिएका छन् । सबै प्रकारका गीतलाई न्याय गर्न सक्ने उनका १५० भन्दा गीत श्रोता दर्शकमाझ आएका छन् । थुप्रै गीत लोकप्रिय रहेका उनको पहिलो एल्बम ‘सरगम’ रहेको थियो भने पहिलो म्हेन्दोमाया एल्बममा ‘वाला वाला ग्रम्बरी’ रहेको थियो । यो एल्बम म्हेन्दोमाया क्षेत्रमा सबैभन्दा बढी दर्शक तथा श्रोताले मनपराएको एल्बमको रूपमा रहेको छ । यसै गीतबाट उनले सर्वोत्कृष्ट म्हेन्दोमाया गायकको अवार्ड चुम्न सफल भएका थिए । गीतसंगीतको यात्रामा देशका विभिन्न ठाउँहरूमा पुगेर आफ्नो प्रस्तुतिमार्फत धेरैको मन जित्न सफल उनी कतार, दुवई मलेशियालगायत अन्य देशमा पनि प्रस्तुति दिन गएका छन् । गीतसंगीतका क्षेत्रमा पुऱ्याएको योगदान स्वरूप थुप्रै मान सम्मान र पुरस्कार प्राप्त गरेका कीर्ति तामाङले मध्यान्ह दैनिकका लागि सुमन कुमार श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :



कीर्ति तामाङ, गायक

**कहिलेदेखि हुनुहुन्छ गीत संगीत क्षेत्रमा ?**

म २०५९ सालदेखि निरन्तर गीतसंगीतमा रहेको छु ।

**यो क्षेत्रमा कसरी आउनुभयो ?**

म सानैदेखि साहित्य कलामा रुची राख्थेँ । यस्तै ४, ५ कक्षा पढ्दा साहित्यिक क्लबमा थिएँ । त्यहाँ हाम्रो सानोतिनो कम्पिटिसन हुन्थ्यो, त्यसमा आफैंले कविता लेख्ने, गीत लेख्ने प्रतियोगिता हुन्थ्यो । आफ्नै शब्दमा गीतहरू बनाउँथें र पहिलो पनि हुन्थें । यस्तो गर्दागर्दै मैले संगीतमा लाग्नुपर्छ भनेर एसएलसी परीक्षा सकेर काठमाडौं प्रवेश गरें । औपचारिक संगीत शिक्षा सिकें । अहिले त्यहीबेलादेखिको यात्रा निरन्तर गरिरहेको छु ।

**पहिलो कुन थियो ?**

मेरो पहिलो गीत ‘नम्बरी सुन’ रहेको थियो । पहिलो एल्बम ‘सरगम’ रहेको थियो भने पहिलो म्हेन्दोमाया एल्बममा ‘वाला वाला ग्रम्बरी’ रहेको थियो ।

**कतिजति गीत दर्शक–श्रोतामाझ ल्याउनुभएको छ ?**

मैले सबै प्रकारका गीतमा न्याय दिन सक्छु भन्ने लाग्छ । दर्शकश्रोताले मन पनि पराइरहनु भएको छ । मैले नेपाली र तामाङ गीत गरेर १५० भन्दा बढीमा स्वर दिएको छु ।

**यहाँको ‘वाला वाला ग्रम्बरी’ गीत म्हेन्दोमाया क्षेत्रमा सबैभन्दा बढी दर्शक तथा श्रोताले मनपराएको एल्बमको रूपमा रहेको पाइन्छ नि ?**

हो, यो एल्बममा रहेका गीतलाई श्रोता-दर्शकले अत्यधिक मनपराइदिनु भएको छ । खुशी लाग्छ यसरी श्रोता-दर्शकको साथ पाउँदा । यसै गीतले मलाई सर्वोत्कृष्ट म्हेन्दोमाया गायकको अवार्ड पनि दिलाएको छ ।

**यहा देशका विभिन्न ठाउमा र विदेशमा पनि आफ्ना प्रस्तुति दिन जाने गरेको पाइन्छ नि ?**

यहाँले भनेजस्तै म देशका विभिन्न ठाउँमा गएर आफ्ना प्रस्तुति दिएको छु विदेशमा पनि आफ्ना प्रस्तुति दिन गएको छु । यस्ता अन्य ठाउँबाट पनि बोलाउनुभएको छ ।

**यहाँले यो क्षेत्रमा पुऱ्याएको योगदान स्वरुप मान, सम्मान र अवार्डहरू प्राप्त गरिरहनुभएको छ, कस्तो लाग्छ ?**

आफूले काम गर्दै जाने हो । म काम गर फलको आशा नगर भन्ने मान्यता राख्ने स्वभावको मान्छे छु । मैले गरेका कर्मबाट विभिन्न मान सम्मान, पुरस्कार र अवार्ड प्राप्त भइरहेका छन् । खुशी नै लाग्छ । ज्योति फिल्मस् अवार्ड, जेनिस अवार्डलगायत अवार्ड प्राप्त भएका छन् ।

**यस क्षेत्रमा यहाँको प्ररेणाको स्रोत ?**

मैले यस क्षेत्रमा गरेको संघर्ष नै हो । संघर्षका क्रममा जे भोगें, जसलाई भेटें, जसले मलाई आज यो ठाउँसम्म पुग्न सहयोग गर्नुभयो जो-जति पनि हुनुहुन्छ । यस क्षेत्रका सम्पूर्ण आदरणीय र मलाई माया गर्ने व्यक्तित्व, दर्शक श्रोता, तपाईंहरू जस्तै सञ्चारकर्मी सबै मेरा लागि प्रेरणाका स्रोत हुनुहुन्छ ।

**गीत संगीत र जीवनलाई कसरी बुझ्ने ?**

मलाई लाग्छ यो संसारमा गीत संगीत मन नपर्ने मान्छे सायद को नै होला र ? हाम्रा हरेक हाउ भाउमा पनि एक प्रकारको लय हुन्छ । हाम्रा हरेक नयाँ काम सिर्जना हुन् । जीवनको परिभाषा व्यक्तिपिच्छे फरक-फरक हुन सक्छ । यसलाई केही शब्दमा वर्णन गर्न त के सकिएला र ! तैपनि मेरो विचारमा जीवन संघर्ष, चुनौती र अवसरको त्रिवेणी हो भन्ने लाग्छ । जन्मेदेखि देहत्याग नभएसम्म अनेकौं चुनौती सामना गर्दै निश्चित अवसर प्राप्तितर्फ संघर्ष गर्ने एउटा माध्यम नै जीवन हो जस्तो लाग्छ ।

**यो क्षेत्रमा आउने नयाँ प्रतिभालाई के भन्न चाहनुहुन्छ ?**

गीतसंगीत क्षेत्रमा रहर र लहलहैमा आउनुभन्दा यो क्षेत्रका बारेमा विस्तृत बुझेर र पढेर आउन सल्लाह दिन्छु । आफूमा क्षमता छ भने आउनुहोस् रहर पूरा गर्न नआउनुहोस् भन्न चाहन्छु । यस्तै यस क्षेत्रमा देखिएका गुट उपगुटका कारण प्रतिभावान धेरै कलाकार ओझेलमा परेका पनि रहेको म पाउँछु ।

## बाबुको गीतमा छोरीको अभिनय

**काठमाडौं/मस–** कुनै सिकाइ र तालिम बिना नै विभिन्न नृत्य प्रतियोगिताहरुमा प्रथम स्थान हासिल गरिसकेकी नृत्यंगना स्वीकृती पौडेल आफ्नै बाबा चर्चित लोक तथा दोहोरी गायक नविन पौडेलको पछिल्लो गीत ‘हरहर बासना अगरबत्तिको, कसले माया गर्छ तिमीलाई मैले जत्तिको’मा जीवन्त अभिनय गरेकी छिन् ।

रुपन्देहीको देवदह नगरपालिकास्थित देवदह बोर्डिङ हाइस्कुलमा कक्षा आठमा पढ्दै गरेकी स्वीकृतीको अभिनय र नृत्यकला निक्कै नै अब्बल देख्न सकिन्छ । नविनका यसअघि बजारमा निस्किएका गीतहरु ‘बोल्नु पर्छ ओइ’, ‘लेउ खुकुरी लेउ’, ‘पऱ्यो देशलाई चोट’, ‘कस्तो आयो जमाना’ लगायत गीतमा पनि अभिनय गरिसकेकी छिन् स्वीकृतीले ।


लोक गीत संगीतमा अब्बल एवं लोकप्रिय गायक नवीनको पछिल्लो गीत हरहर बासनामा स्वर र शब्द उनकै रहेको छ । स्वरमा उनलाई आशा बिसीले साथ दिएकी छिन् । लाइभ दोहोरीमा झड्का दिएर सबै दर्शकको मन जितेकी बिसीले निक्कै नै मेहनतका साथ गाएकोले गीत सबैले मन पराउने बताउँछिन् ।

रबि कार्कीको लय संकलन रहेको गीतको म्युजिक भिडियोको निर्देशन विष्णु भट्टराईले गरेका छन् भने म्युजिक एरेन्ज कृष्ण केसीले गरेका छन् । म्युजिक भिडियोलाई आशा बिसीको युट्युब च्यानलमार्फत बजारमा ल्याइएको गायक पौडेलले बताए । यसको



छायांकन बुटवल आसपासका क्षेत्रमा भएको र भिडियोमा लुम्बिनी प्रदेशमा स्थापित विभिन्न उद्योगी व्यवसायीहरुको अभिनयसमेत समावेश गरिएको गायक पौडेलले जानकारी दिए ।

## ‘प्रकाश’को प्रिमियर जुम्लामा



**काठमाडौं/मस–** फिल्म ‘प्रकाश’को प्रिमियर जुम्लामा गरिने भएको छ । आगामी शुक्रबार अर्थात् भदौ १० गतेबाट प्रदर्शनमा आउने चलचित्रको ५ गते आइतबार जुम्लामा प्रिमियर हुन लागेको निर्देशक दिनेश राउतले जानकारी दिए ।

जुम्लाको तिर्खु गाउँमा छायांकन भएको यो चलचित्रको सोही गाउँको मोक्ष माध्यमिक विद्यालयमा प्रिमियर गर्न लागिएको निर्देशक राउतले जानकारी दिए । अक्सर चलचित्रको प्रिमियर स्ट्याण्डर्ड हलहरूमा रेडकार्पेटका साथ गर्ने सेलिब्रिटीहरूका बीच गर्ने गरिए पनि प्रकाशको प्रिमियरमा भने चलचित्र हल नभएका कारण विद्यालयमा प्रोजेक्टरको माध्यमबाट गरिन लागेको हो ।

चलचित्र स्थानीय राजनीतिक दलका प्रतिनिधि, शिक्षक, विद्यार्थी, विभिन्न पेशा व्यवसायमा आवद्ध व्यक्तिका साथै सम्पूर्ण गाँउबासीलाई निम्ता दिइएको निर्देशक राउतले बताए ।

**कोभिड-१९ को जोखिम पुनः देखा परेको छ ।**

**यसबाट बच्न र बचाउन :**

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं ।
- साबुनपानीले नियमित हात धोऔं वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक, मुख छोप्ने गरौं ।
- घर तथा कार्यालयमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भिडभाड नगरौं ।
- हावा ओहोरदोहोर नहुने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड–१९ विरूद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा समयमा नै परिक्षण गरौं ।

सतर्क र सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**केराबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**केराबारी, मोरङ**
**प्रदेश नं. १, नेपाल**

**केराबारी गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**